# लेखापरीक्षण प्रतिवेदन

## रम्भा गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८१/८२




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## रम्भा गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/691

श्रीमान अध्यक्षज्यू,
रम्भा गाँउपालिका,
गाँउकार्यपालिकाको कार्यालय, पाल्पा ।

**विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
## काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/691

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्रीमान अध्यक्षज्यू,

रम्भा गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालय,

रम्भा, पाल्पा।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२ गाउँपालिकाको आय- ब्ययतर्फ रु १ अर्ब १८ करोड ९९ लाख ७५ हजारको लेखापरीक्षणबाट रु. १ करोड ४ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु ६ लाख ८४ सम्परीक्षण भई असुल गर्नुपर्ने रू २ लाख ६० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४४ लाख ६० हजार, नियमित गर्नुपर्ने रु. १४ लाख ९९ हजार र पेस्की बाँकी रु. ३१ लाख १ हजार गरी जम्मा रु ९३ लाख २० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. ४ करोड ५३ लाख ७५ हजार मध्ये रू.१ करोड ५२ लाख ७५ हजार सम्परीक्षण भइ यसवर्षको थप समेत हालसम्मको अद्यावधिक बेरुजू रु.३ करोड ९४ लाख २० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत रम्भा गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७९ | ४२ | १,००,०४,५९६ | ० | १० | ६,८४,०५५ | ० | ७९ | ३२ | ९३,२०,५४१ | २,६०,६४१ | १४,९९,००० | ४४,६०,००० | ० | ० | ५९,५९,००० | ३१,००,९०० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाल्पा | ४,५३,७५,००० | | १,५२,७५,६३४ | ३,००,९९,३६६ | | ९३,२०,५४१ | ३,९४,१९,९०७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ७४.१ | सामाजिक सुरक्षा भत्ता | ८,४०० |
| २ | २०८१/८२ | ६० | सशर्तबाट करार सेवाको तलब भुक्तानी | ५३,९०० |
| ३ | २०८१/८२ | ६१ | भुक्तानीमा कर कट्टी | १४,२४९ |
| ४ | २०८१/८२ | ४२ | बिल भरपाई तथा खर्चको पुष्ट्याईं | ३,९८,५२७ |
| ५ | २०८१/८२ | २७ | पेश्की | ५०,००० |
| ६ | २०८१/८२ | ५३.४ | २९६।०८२।०३।२५ झोकेदी किटेनी रानीवास मोटरवाटो (ठेनं ०८१।०८२-०४) | १,५८,९७९ |
| | | | **यस आर्थिक वर्षको जम्मा** | **६८४०५५** |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | २८ | सौर्य बत्ती जडानः | ७,७८,८४६ |
| ८ | २०८०/८१ | ५८.३ | सेनीटरी प्याड खरीदः | ८,२२,९९० |
| ९ | २०८०/८१ | २६ | लोरेङ्ग ज्यामिरेघाट ट्रसपुलः | ३,७९,७७२ |
| १० | २०८०/८१ | ३७ | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदानः | २,००,००० |
| ११ | २०८०/८१ | ५४ | थप दिवा खाजा : | ७,१६,६२५ |
| १२ | २०८०/८१ | ४२ | एक्सरे मेशिन खरिद तथा व्यवस्थापन : | १०,९७,७९५ |
| १३ | २०७९/८० | ३३.२,३३.५ | शिक्षातर्फः | ११,६५० |
| १४ | २०७९/८० | ३५ | विद्यालयलाई निकासाः | ९६,७३,५४३ |
| १५ | २०७९/८० | ४५ | खरिद गरेको भन्दा बढी मात्रामा ईट्टाको प्रयोगः | ८,५७५ |
| १६ | २०७९/८० | ४२ | कट्टी नभएकोः | १०,००० |
| १७ | २०७७/७८ | २७ | सोधभर्ना गर्नुपर्ने | २,३१,१४१ |
| १८ | २०७५/०७६ | १३.३५ | कार्यसम्पन्न प्रतिबेदन | १२८७३७७ |
| १९ | २०७६/०७७ | ४२ | ग्याबिन जाली वढी मुल्याङकन | ९९७० |
| २० | २०७६/७७ | ५१ | वढी काम देखाइ खर्च लेखेको | ४७३५० |
| | | | **गतविगत बर्षको जम्मा** | **१५२७५६३४** |
| **जम्मा** | | | | **१५९५९६८९** |

# रम्भा गाउँपालिका, पाल्पा

# ( ८०५५०५०६३०० )

# रम्भा गाउँपालिका , पाल्पा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ५ वडा, ९४।१२ वर्ग किलोमिटर क्षेत्रफल तथा १९४८७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।१४ देखि २०८२।०५।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १ अर्ब १८ करोड ९९ लाख ७५ हजार १ सय ५३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १८४४५४ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पाठ्यपुस्तक बढी निकासा (भौचर नं-८६२७९२१७) | ५४९० |
| २ | बढी भुक्तानी भएको रकम असुली (भौ.नं-६१८१२२१०३२) | ३४९६४ |
| ३ | पदाधिकारीलाई बढी सुविधा भुक्तानी (भौचर नं ६१८९२२१४) | १४४००० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ एकिकृत आर्थिक विवरण

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ । पालिकाले पेश गरेको आर्थिक वर्ष २०८१।०८२ भएको खर्चको एकिकृत आर्थिक वित्तीय विवरण देहायबमोजिम रहेको छ ।

| आय तर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| गतवर्षको मौज्दात | | ६०८११५५१ | चालु खर्च | | ९६२४८२८४ |
| संचितकोष | ४५२४२३११ | | पुंजीगत खर्च | | ९६४६३०७९ |
| धरौटी | ७४११९८१ | | कार्यसंचालन कोष खाताको खर्च | | ३१५८९५४ |
| कार्यसंचालन कोष | ७६७८६४० | | विपद व्यावस्थापन कोषको खर्च | | ३५१२४८३ |
| विपद व्यवस्थापन कोष | ४७८६१९ | | अन्य कोषकोखर्च | | ० |
| अन्यकोष | ० | | धरौटीफिर्ता/सदरस्याहा | | ५१६९७७० |
| यसवर्षको आय | | | अन्तिम मौज्दात | | ४४२३३०५८ |
| आन्तरिक राजश्व | | ८१४९१७३ | संचित कोष | २९६९१७०५ | ० |
| समानीकरण अनुदान | | ८१५७४६४० | धरौटी | ५३७८९५७ | |
| समानीकरण अनुदान | | ५८७६००० | कार्यसंचालन कोष खाता | ६३५३०६१ | |
| राजश्व बाडफाँड संघबाट | | ७४०५०८९८ | प्रकोप व्यवस्थापन कोष | २७९११३६ | |
| राजश्व बाडफाँड प्रदेशबाट | | ५३३९८१३ | विभाज्य कोष | १८२०० | |
| राजश्व बाडफाँड स्थानीय | | २२००३०८ | | | |
| कार्यसंचालन कोष | | १८२१५०१ | | | ० |
| विपद व्यावस्थापन कोष | | ५८२५००० | | | |
| धरौटी प्राप्त | | ३१३६७४६ | | | |
| अन्यआय | | ० | | | |
| जम्मा | | २४८७८५६३० | | | २४८७८५६२८ |
| | | | संङ्घीय तथा प्रदेश सरकारको सशर्त तथा अन्य अनुदान र अन्तर सरकारी अख्तियारी तर्फ | | |
| संघीय सरकार अनुदान | | ३८७८९०७१० | संघीय सरकार अनुदान | | ३८७८९०७१२ |
| सशर्त अनुदान | २३०७८४९९६ | | सशर्त अनुदान | २०५०३८७७१ | ० |
| समपुरक अनुदान | ० | | समपुरकअनुदान | ४४६६३२६ | |
| विशेष अनुदान | ५०००००० | | विशेषअनुदान | ० | |
| अन्य अनुदान | ० | | अन्तरसरकारीअख्तियारी संघ | १५२१०५७१५ | |
| अन्तरसरकारी | १५२१०५७१५ | | अन्य व्यय/फिर्ता | २६२७९९०१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| अख्तियारी संघ | | | | | |
| धरौटी आम्दानी कोलेनिका | | १५०८३३१ | धरौटी मौज्दात कोलेनिका | | १५०८३३१ |
| प्रदेश सरकार अनुदान | | १०८३३५४० | प्रदेश सरकार अनुदान | | १०८३३५४० |
| सशर्त अनुदान | ५६६७०४० | | सशर्तअनुदान | ५२७०१९४ | ० |
| समपुरक अनुदान | ३६६६५०० | | समपुरक अनुदान | २३९५६६८ | ० |
| विशेष अनुदान | १५००००० | | विशेष अनुदान | ९६८११३ | ० |
| अन्य अनुदान | | | अन्य अनुदान | ० | ० |
| अन्तरसरकारी अख्तियारी प्रदेश | | | अन्तरसरकारी अख्तियारी प्रदेश | ० | ० |
| अन्यआय | | | अन्य व्यय/फिर्ता | २१९९५६५ | |
| जम्मा | | ४००२३२५८१ | ० | | ४००२३२५८३ |
| कुलजम्मा | | ६४९०१८२११ | | | ६४९०१८२११ |

## ३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले अन्तरसरकारी अख्तियारी तर्फ सामाजिक सुरक्षा तथा संरक्षणमा रू.११,७६,३१,७३८/- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू.१७,७०,०००/- र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा रू. ३,२७,०३,९७६/- गरी जम्मा रू.१५,२१,०५,७१५/- सुत्रमा लेखाङ्कन गरेको छैन। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस गरी एकिकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम (म.ले.प.फा.नं. २७०) को वित्तीय विवरणमा समावेश हुँदैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र प्रणाली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ४ बैंक हिसाब

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ (२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। आय व्यय लेखा प्रणाली तथा राजस्व र खर्च शिर्षकको वर्गीकरण अनुसार लेखाकंन र बैंक हिसाव मिलान विवरण (म.ले.प. फारम नं २७०) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। स्थानीय संचित व्यवस्थापन प्रणाली (सुत्र) को बैंक तथा नगद बाँकीको प्रतिवेदन देहाय बमोजिम रहेको छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण निम्नानुसार रहेको छ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसारबाकी रु | बैंक अनुसार बाँकी रु |
|---|---|---|---|---|
| ग्लोवल आई एम इ बैंक लि. | २१४०४०१००००००१९ | ग२.७, विविध खर्च खाता | १९,७२,३१६.८३ | १९,७२,३१६.८३ |
| ग्लोवल आई एम इ बैंक लि. | २१४०४०१००००००४ | ग३.१, स्थानीय तह धरौटी खाता | ५३,७८,९५७.०० | ५३,७८,९५७.०० |
| ग्लोवल आई एम इ बैंक लि. | २१४०४०१००००००३ | ग४.१, स्थानीय तह सञ्चित कोष खाता | २,९६,९१,७०४.७३ | २,९६,९१,७०४.७३ |
| ग्लोवल आई एम इ बैंक लि. | २१४०४०१००००००१८ | ग५.१, स्थानीय तह विविध कोष खाता | ४३,८०,७४३.८४ | ४३,८०,७४३.८४ |
| ग्लोवल आई एम इ बैंक लि. | २१४०४०१००००००२ | ग६.१, स्थानीय तह विभाज्य कोष खाता | १८,२००.०० | १८,२००.०० |
| ग्लोवल आई एम इ बैंक लि. | २१४०४०१००००००८ | ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २७,९१,१३५.५६ | २७,९१,१३५.५६ |
| जम्मा | | | ४,४२,३३,०५७.९६ | ४,४२,३३,०५७.९६ |

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।०७ मा रु. ४९ करोड ६ लाख ७४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।०७ मा पारित भएको छ। यसैगरी स्थानीयतहका अध्यक्षले मिति २०८१।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **अबण्डा बजेट**

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार वजेट तथा कार्यक्रम स्वीकृत गराइ तोकिएको योजना तथा कार्यक्रममा मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिका चालु शिर्षकमा छुटफुट चालु खर्च विशेष परिस्थितिमा कार्यपालिका निर्णयबाट र २२,९२,०००/- तथा पुँजीगत शिर्षकमा रु ३६,८९,०००/- छुटफुट पुँजीगत/ विशेष अवस्थामा कार्यपालिका/सभाको निर्णय अनुसार विभिन्न कार्यक्रमको नाममा रकम विनियोजन गरी पटकपटक भुक्तानी गरेको देखियो ।एकमुष्ट रुपमा विनियोजित बजेटवाट कार्यपालिकाको निर्णय संलग्न गरी विभिन्न भुक्तानी दिएको देखियो । तसर्थ सम्बन्धित शिर्षकमा वजेट विनियोजन गरी स्थानीय सरकार संचालन ऐनको मर्मअनुरुपको खर्च व्यवस्थापनमा ध्यान दिएको देखिएन ।यस सम्बन्धमा पालिकासंग छलफल गर्दा सुरुमा कार्यपालिकको निर्णय अनुसार खर्च गरी सभावाट समर्थन गरेको जनाएको छ।

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पालिकाले स्थानीय आवश्यक्ता समेत विश्लेषण गर्दा कार्यसंचालन तथा प्रशासनिक खर्चमा मितव्ययिता कायम राख्दै पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत बढाउनुपर्ने देखिन्छ ।

| क्र. सं. | क्षेत्रगत विवरण | बजेट | खर्च | कुल बजेटमा प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५१०१०००० | ४१०७३०४८ | १० |
| २ | सामाजिक विकास | २६८०४२००० | २३२६८४९८२ | ५७ |
| ३ | पूर्वाधार विकास | ८५३५५००० | ६५६०६६०१ | १६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धी क्षेत्र | ४०८६७३११ | ३२१००६०७ | ८ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ४५४००००० | ४०२२२२६६ | १० |

## ८ खर्च बिश्लेषण

पालिकाले यसवर्ष चालु तर्फ रु.२९६७८२०००/- र पूँजीगत तर्फ रू.११४९०५०००/- गरी रू.४११६८७०००/- खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.९७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.०८ प्रतिशत चालु र २७.९ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ९ नीति तथा कार्यक्रम कार्यान्वयनको स्थिति

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने तथा स्थानिय तहले पालिकावाट पारित नीति तथा कार्यक्रम अन्तर्गत रहि योजना कार्यान्वियन गर्नुपर्ने देखिन्छ ।पालिकावाट प्राप्त विवरण अनुसार नीति तथा कार्यक्रमलाइ बजेटले समेटेको मुख्य ५ कार्यक्रम देहाय अनुसार रहेको छ।

| **क्र.सं.** | **नीति तथा कार्यक्रमका मूख्य ५ व्यहोरा** | **नीति तथा कार्यक्रमलाई बजेटले समेटेको विवरण** | | |
|---|---|---|---|---|
| | | **बजेटको कार्यक्रम** | **विनियोजन रकम** | **खर्च रकम** |
| १ | उत्पादनमा आधारित अनुदानलाई प्रोत्साहन गर्ने | उत्पादनमा आधारित अनुदान | १८०० | १७४६ |
| २ | ६-९ कक्षा सम्मका लागि दिवा खाजा उपलब्ध गराउने गरी शिक्षामा टेवा पुर्याउने | ६-९ दिवा खाजा | ३००० | २६५१ |
| ३ | घरवास कार्यक्रममा जोड दिने | घरवास कार्यक्रम | २००० | १६०० |
| ४ | विद्यार्थीसँग करेसावारी कार्यक्रमलाई निरन्तरता दिने | विद्यार्थीसँग करेसावारी कार्यक्रम | ५०० | ४९५ |
| ५ | पालिकासम्मको पहुँच मार्ग निर्माणमा जोड दिने | पालिका पहुँच मार्ग | १२१०० | १२१०० |

## १० त्रैमासिक खर्च विश्लेषण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यन्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। त्रैमासिक खर्चको विवरण यस प्रकार रहेको छ।

रु हजारमा

| **क्र.स** | **बजेट** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिना** |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | |
| १ | पुँजीगत खर्च | ११४९०५ | ४७७५ | ३६२५ | १६०८७ | ९०४१५ | ५४५०७ |
| २ | प्रतिशत | ८१.७ | ४.१५ | ३.१५ | १४ | ७८ | ४७.४३ |

• पालिका पूँजीगतमा रु.१४,१७,३५,०००।- विनियोजन भएकोमा खर्च जम्मा रु.११,४९,५१,०००।- मात्र भएको देखिन्छ।

• खर्चको प्रवृत्ति हेर्दा पालिकाको पहिलो त्रैमासिकमा ४.१५% खर्च भएको दोस्रो त्रैमासिकमा ३.१५% खर्च भएको , तेश्रो त्रैमासिकमा १४% छ भने चौथो त्रैमासिकमा ७८% खर्च भएको देखिन्छ।

• यस वर्ष पनि पालिकामा वर्ष अन्तिममा मात्र खर्च गर्ने परिपाटी कायम रहेको देखिन्छ।

• असार महिनामा मात्र ४७.४३ प्रतिशत खर्च भएको देखिन्छ।

यसरी आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्ने गर्दा हतारमा गुणस्तरीय कार्य नहुन सक्ने, अनुगमन प्रभावकारी नहुन सक्ने लगायतको समस्या देखिने हुनाले आर्थिक वर्षको अन्तमा मात्र खरिद गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ।

## ११ आन्तरिक आय तथा राजश्व

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।पालिकाले पेश गरेको आय-व्यय अनुमान बमोजिम आर्थिक वर्ष २०८१।०८२ मा राजस्वको अनुमान १ करोड ३२ लाख रहेकोमा असुली १ करोड १८ लाख १६ हजार अर्थात ८९ प्रतिशत मात्र रहेको देखिन्छ । अघिल्लो आर्थिक वर्षको तुलनामा १० प्रतिशतले राजस्व संकलन बढी भएको देखिन्छ ।राजश्व उठ्ने क्षेत्रहरु अझै पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

| सि.नं. | राजश्वको नाम | २०८०।८१ को असूली | २०८१।०८२ को अनुमान | २०८१।०८२ को असुली | बढी/घटी (२०८०।०८१ को तुलनामा) |
|---|---|---|---|---|---|
| १ | सम्पति कर | ३४६२७७ | ८००००० | ५४१०४६।६७ | १९४७६९।६७ |
| २ | भूमिकर मालपोत | ९४०२६४।३५ | ७००००० | ३८५२५२।३५ | -५५५०१४ |
| ३ | वहाल कर | १६०६६६४।२० | ५००००० | २११५१९७।५६ | ५०८५३३।३६ |
| ४ | वहाल विटौरी कर | १०५७३१०।५९ | १००००० | ९००० | -१०४८३१०।५९ |
| ५ | अन्य कर | ५३५२० | ५००००० | ६२३० | -४७२९० |
| ६ | कृषि उत्पादनको ब्रिक्रीबाट प्राप्त रकम | १३२५० | १००००० | ६००० | -७२५० |
| ७ | अन्य बिक्रीबाट प्राप्त रकम | ४००० | | १२०१९८ | -११६१९८ |
| ८ | अन्य सेवा शुल्क तथा बिक्री | ९०० | १००००० | ९४५० | -८५५० |
| ९ | न्यायिक दस्तुर | १८०० | ५००० | २० | -१७८० |
| १० | परीक्षा शुल्क | ६०८३९ | १००००० | ५१०० | -५५७३९ |
| ११ | अन्य प्रशासनिक सेवा शुल्क | ९४४६३८ | ५००००० | ४७०१५० | -४७४४८८ |
| १२ | नक्सापास दस्तुर | २४९४३ | ३००००० | १८९९५।३१ | ५९४७।६९ |
| १३ | सिफारीश दस्तुर | ६०६४२२।६८ | १६००००० | ११८४५०० | ५७८०७७।३२ |
| १४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २५०६५० | ५००००० | २४५५०० | -५१५० |
| १५ | नाता प्रमाणित दस्तुर | ९७७५० | १००००० | १८१८०० | ८४०५० |
| १६ | अन्य दस्तुर | ५९७७१५ | ३००००० | २९२६५० | -३०५०६५ |
| १७ | व्यवसाय रजिश्ट्रेशन दस्तुर | ३०७२६० | ५००००० | २६२२१५ | -४५०४५ |
| १८ | अन्य क्षेत्रको आय | २६५० | | १४८० | -११७० |
| १९ | न्यायिक दण्ड जरिवाना र जफत | २०००० | ५००० | | -२०००० |
| २० | प्रशासनिक दण्ड जरिवाना र जफत | ० | १००००० | २०३४० | २०३४० |
| २१ | धरौटी सदरस्याहा | १२४०९ | | | -१२४०९ |
| २२ | अन्य राजश्व | २२०० | | १६०० | -४०० |
| २३ | व्यवसाय कर | ८०००० | १००००० | ४२५४० | -३७४६० |
| २४ | बेरूजु | १०१६६३३।५६ | १०००००० | २१६४३०८।२० | ११४७६७४।४४ |
| २५ | निकासा फिर्ता | ० | | | |
| २६ | दहत्तर बहत्तर शुल्क | २६९८७५० | ४२१०००० | ३६६७१८० | ९६८४३० |
| २७ | सवारी साधन कर(साना सवारी) | | १०००० | २१०० | २१०० |
| २८ | व्यवसायले भुक्तानी गर्ने | | | ५५०० | ५५०० |
| २९ | शिक्षा क्षेत्रको आम्दानी | | २००००० | ५८००० | ५८००० |
| ३० | बाँडफाँड बाट प्राप्त हुने मालपोत तथा | | ८००००० | | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| | रजिष्ट्रेशन शुल्क | | | | |
| ३१ | सरकारी सम्पतिको बिक्री वापत प्राप्त रकम | | ५०००० | | ० |
| ३२ | पर्यटन शुल्क | | ५००० | | ० |
| ३३ | मनोरञ्जन कर | | १०००० | | ० |
| ३४ | पार्किङ शुल्क | | ५००० | | ० |
| | **जम्मा** | **१०७४६८४६।३८** | **१३२०००००** | **११८१६३५३।०९** | |

## १२ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| अनुदानवाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७१९३५६१६.३२ | ११८१६३५३.०९ | ३.१७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.१७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १३ कानुन निर्माण तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ८ वटा ऐन, २ वटा नियमावली, कायविधि र कार्यविधि मापदण्ड १८ समेत २८ कानुन स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा पालिकाले अध्ययन गरेको देखिदैँन।

## १४ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था रहेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गतवर्षको ७ जिम्मेवारी वाँकी रहेकोमा यस वर्षको २ समेत ८ उजुरी रहेकोमा यस आर्थिक वर्षमा ९ बटा फस्यौंट भई ४ वटा बाँकी रहेको विवरण पेश भएको भएको छ ।

## १५ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ ।जस बमोजिम पालिकाबाट यस आ.ब मा निम्नानुसारको सेवा प्रवाह भएको विवरण प्राप्त भएको छ । सेवा प्रवाह र कार्यसम्पादन सूचक विना सेवा प्रवाहको थप विश्लेषण गर्न सकिएन ।पालिकाले वार्षिक लक्ष्य तोकी लक्ष्य अनुसार कार्यसम्पादन गर्नुपर्दछ ।

| विवरण | जम्मा |
|---|---|
| नागरिकता सिफारिस | १७३२ |
| नाता प्रमाणित | ४७९ |
| व्यक्तिगत घटना दर्ता | १३१५ |
| अन्य सिफारिस | २९४० |

## १६ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १६६ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाख माथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाख भन्दा कमका योजना सङ्ख्या** | **कार्यान्वियन भएका योजना संख्या** | **कार्यान्वियन नभएका योजना संख्या** |
|---|---|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५५ | ६ | १३ वटा | १४७ वटा | सबै | 0 |
| २. | वडा स्तरीय | १११ | | | | | |

उपर्युक्त विवरण अनुसार १६६ वटा योजनामा ५ लाखभन्दा न्युन योजना संख्या १४७ अर्थात ८८ प्रतिशत रहेको, ५ देखि २० लाखसम्म १३ वटा अर्थात ७.८ प्रतिशत रहेको तथा २० लाखभन्दा ठुला ६ अर्थात ३.६ प्रतिशत मात्र रहेको देखिन्छ। पालिकाको नीति तथा कार्यक्रममा टुक्रे आयोजना संचालनलाई निरुत्साहित गर्दै न्यूनीकरण गरिने उल्लेख भएतापनि अधिकांश योजना बजेट छर्ने प्रबृत्ति अनुरुपको रहेको देखिन्छ। यसरी न्युन बजेटको योजना कार्यान्वियनले योजनावाट प्रतिफल प्राप्त नहुने सक्ने, लागत प्रभावी नहुने, सुपरीवेक्षणमा ध्यान दिन कठिनाइ हुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्न सक्ने देखिन्छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

## १७ समग्र चालु खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको विगत २ वर्षको खर्चको तुलना गर्दा देहाय अनुसार देखिएको छ।

| खर्च शिर्षक | यो वर्ष | | गत वर्षको | | खर्च वृद्धि (प्रतिशत) |
|---|---|---|---|---|---|
| | वजेट | खर्च | वजेट | खर्च | |
| पदाधिकारी सेवा सुविधा | ६००० | ५६९५ | ७५०० | ५८५५ | -०.२० |
| पदाधिकारी वैठक(कार्यालयको सबै बैठक भत्ता) | १३३६ | १२८७ | ४८० | ४६२ | १७४.०० |
| कार्यकारी वैठक | - | - | - | - | - |
| अतिथी सत्कार | ५०० | ६५ | ५०० | ४१८ | -८४.४५ |
| कार्यालय संचालन | १४७५ | ९७५ | ९०५ | ५०० | ९५.०० |
| इन्धन | १३०० | १२९९ | १६०० | १४३० | -९.१६ |
| मर्मत | १३०० | १३०० | १२०० | ९५९ | ३५.५५ |
| धारा पानी विधुत | ७७० | ४६६ | ९५३ | ४४६ | ४.४८ |
| सामाजिक सेवा अनुदान | - | - | - | - | - |
| आर्थिक सहायता | ६०० | २१९ | ६०० | १७२ | २७.३२ |
| विविध खर्च | १३५२ | १०९६ | १५३५ | १०४४ | ४.९८ |
| चालु खर्च जम्मा | १२३०५४ | ९६२९८ | १२१४९५ | ८७८०७ | ९.६० |

भ्रमण खर्चः लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू.१९६३००० खर्च भुक्तानी गरेको छ । भ्रमण खर्च भुक्तानी गर्दा केही खर्चको भुक्तानीमा भ्रमण प्रतिबेदन लगायतको प्रमाण संलग्न भएको नदेखिएकोले यथेष्ठ प्रमाण संलग्न गर्नुपर्ने, आवश्यकता विश्लेषण गरेर मात्र भ्रमण खर्च लेखी कार्यालयले भ्रमण खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ ।

इन्धन खर्च- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षक तथा योजनागत कन्टेन्जेन्सी खर्च समेतबाट रु. १८ लाख इन्धन खर्च भुक्तानी गरेको छ। इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययी गर्ने तर्फ ध्यान दिनुपर्दछ।

पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन :-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु. ६ लाख तथा कन्टेन्जेन्सी शिर्षक समेतवाट २ लाख समेत ८ लाख खर्च गरेको छ । सुचना प्रकाशन तथा छपाई सम्बन्धमा यथासंभव दररेट माग गरी सो अनुसार मितव्ययी हुनेगरी खर्च लेख्नेतर्फ ध्यान दिनुपर्दछ ।

मसलन्द तथा कार्यालय सामग्री खर्चः सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष रु. १४ लाख १५ हजार तथा अन्य कार्यालय खर्च शिर्षकमा रु. ७ लाख ६४ हजार गरी जम्मा रु २१ लाख ७९ हजार खर्च गरेको छ ।

कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सवारी मर्मत र अन्य मूर्मत खर्च - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस बर्ष मर्मत शिर्षकबाट रु. १६ लाख ९४ हजार तथा कन्टेन्जेन्सी शिर्षकवाट रु २ लाख ६७ हजार समेत रु १९ लाख ६१ हजार खर्च गरेकोमा उक्त खर्च आवश्यकता र औचित्यता समेत हेरी गर्नुपर्ने तथा सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

उपरोक्त अनुसार विश्लेषण गर्दा गत आर्थिक वर्षको तुलनामा पदाधिकारी वैठक शिर्षकमा १७४ प्रतिशत, कार्यालय संचालनमा ९५ प्रतिशत, विविध खर्च मा ४.९८ प्रतिशत, आर्थिक सहायता शिर्षकमा २७.३२ प्रतिशतले बृद्धि भएको देखियो ।समग्र खर्चको तुलना गर्दा यस वर्ष ९.६० प्रतिशतले खर्च वढेको देखियो । यस्तो प्रकारको खर्च लेख्दा आन्तरिक आय समेतको विश्लेषण गर्नुपर्ने, विविध खर्चको भुक्तानीमा पर्याप्त पुष्ट्याइ संलग्न गर्नुपर्ने, इन्धन खर्चमा लगबुक व्यवस्थित गर्नुपर्ने, आर्थिक सहायताको रकम सहितको मापदण्ड निर्धारण गर्नुपर्ने लगायतका विषयमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

**१८ लक्ष्य प्रगति विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ ।

| कार्यक्रम/योजना संख्या | यो बर्ष खर्च | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| १६६ | १०३३१५ | ० | १ | ० | ३ |

उपरोक्त अनुसार बिश्वलेषण गर्दा १ योजनामा २५ प्रतिशत प्रगति भएको तथा ३ योजनामा ७५ प्रतिशत सम्म प्रगति भएको विवरण पेश भएकोमा न्युन प्रगति हुनाको कारण पेश हुन आएन। यस सम्बन्धमा कार्यालयले प्रगति कम हुनाको कारण विश्लेषण गरी कार्यक्रम कार्ययोजना समेत तयार गरी शतप्रतिशत प्रगति हुनेगरी कार्य सम्पादन गर्नुपर्ने देखिन्छ।

**१९ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म विभिन्न पदका २२ पदपूर्ति भई १६ पदहरु रिक्त रहेको विवरण पेश गरेको छ। रिक्त मध्ये सव इन्जिनियर तथा वडा सचिव रहेका छन।

**२० सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक

प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २३ वटा सहकारी संस्था रहेकामा ५ सहकारी संस्थाहरुले एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको छैन। पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था तथा समस्याग्रस्त सहकारी बारे थप बिश्लेषण गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२१ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गर लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन्

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• पालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• करार तथा ज्यालादारीमा कर्मचारी भर्ना गरेको देखिन्छ। ज्यालादारीमा रहेको कर्मचारीलाई समेत कार्यालयको महत्वपुर्ण काम तथा शाखाहरुमा जिम्मा दिएको देखिन्छ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमनको अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले खर्च गर्ने मापदण्ड निर्धारण गरेको देखिएन। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामाग्री, लघुउद्यम विकास सम्बन्धी सामाग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश गरी स्पष्ट आधार तथा विवरण राखेको छैन।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता तथा नवीकरण शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• अर्थ मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०८१।८२ को बजेट कार्यन्वयन मार्गदर्शनले तोकेअनुसार बैंकखातामार्फत मात्र भुक्तानी दिनुपर्नेमा विभिन्न कर्मचारीले भुक्तानी लिई खर्च लेख्ने तथा खर्च गरी शोधभर्ना लिने गरेको देखियो।

• आन्तरिक आम्दानीको यथार्थमा आधारित अनुमान गरेको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३ वमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महसुलको स्थानीय न्युनतम दररेट तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्नसक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन।

• शहरीकरण भैरहेका स्थानको पहिचान गरी फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा हालसम्म ऐन, नियमावली, कार्यविधि, निर्देशिका र नर्म्स तयार गरेको देखिएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार ठुलो रकम बेरुजु कायम रहेकोमा फस्यौटको लागि पर्याप्त पहल गरेको देखिएन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २२ योजना तथा वजेट कार्यान्वयन

पालिकाको योजना तथा बजेटमा सम्वन्धमा देखिएका प्रमुख बेहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. ११ करोड ४९ लाख ५ हजार पुजीगत कार्यको खरिद गुरुयोजना बेगर गरेको देखियो।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाकोको निर्णयबाट ३ योजना तथा कार्यक्रममा रु. १ करोड विभिन्न मितिमा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा २.०३ प्रतिशत हुन्छ।सुरुवजेटको योजना संशोधन तथा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापनमा सुधार गर्नुपर्ने तथा योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।

## २३ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिबेदन तयार गर्नुपर्ने उल्लेख छ। पालिकाको जिन्सी प्रतिबेदनमा उल्लेखित सामान मध्ये मर्मत तथा लिलाम गर्नुपर्ने १० आइटमको १२५ थान को नियमानुसार कारवाही भएको देखिएन । जिन्सी व्यवस्थापन गर्नेतर्फ व्यवस्थापन गर्नुपर्दछ।

## २४ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैँन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ ।पालिकावाट प्राप्त विवरण अनुसार सामाग्री खरिद तर्फ निम्नानुसार प्याकेज तयारी नगरी रु १ करोड २७ लाख ७९ हजारको लागत अनुमानमा रु १ करोड २३ लाख १९ हजारको खरिद सम्झौता गरी कार्यसम्पादन अनुसार रु १ करोड १६लाख २७ हजारको सोझै खरिद गरेको देखियो । यसरी कम्पोनेन्ट अनुसार खरिद गरेको तथा प्याकेज तयार नगरी गरेको खरिद नियमसम्मत देखिएन। सम्भावित प्याकेज समेत तयार गरि खरिद व्यवस्थापनतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

रु हजारमा

| सि नं | कामको विवरण | लागत अनुमान | सम्झौता रकम | भुक्तानी रकाम |
|---|---|---|---|---|
| १ | Semi Bio Chemistry Analyzer खरिद | २४० | २३५ | २२३ |
| २ | स्वास्थ्य औषधी खरिद | १६७० | १६६४ | १५८४ |
| ३ | VIA Camp औषधी खरिद | १९९ | १७७ | १६९ |
| ४ | जेष्ठ नागरिकहरुलाई न्यानो कपडा खरिद | ३०० | २९५ | २८ |
| ५ | तार जाली खरिद | ९९९ | ९९९ | ९५१ |
| ६ | घुम्ती शिविर संचालन | १८१ | १७८ | १७० |
| ७ | वडा नं २ मा पाइप तथा जाली खरिद | ११६ | १११ | १०६ |
| ८ | धानको विउ खरिद | ९१५ | ८५६ | ८४४ |
| ९ | पशु औषधि र घाँसको विउ खरिद | ४४५ | ४४२ | ४३६ |
| १० | खानेपानी पाइप खरिद | ७९९ | ७९६ | ७५८ |
| ११ | प्र.रो.का अन्तर्गत सूचिकृत श्रमिकलाई सुरक्षा सामग्री खरिद | १९९ | १९८ | १८९ |
| १२ | फर्निचर खरिद | ५१२ | ४९७ | ४७३ |
| १३ | मिनि टिलर खरिद | ७२० | ६८९ | ६८० |
| १४ | कृषि औजार खरिद | ५४५ | ४९३ | ४८६ |
| १५ | मेशिनरी औजार खरिद | ३३२ | ३१६ | ३०० |
| १६ | मौरी घार खरिद | ३४० | ३३८ | ३३३ |
| १७ | मौरी घार खरिद | २८९ | २८७ | २८३ |
| १८ | मौरी घार खरिद_कृषि | ८७१ | ८६९ | ८५७ |
| १९ | योजना किताब छपाई | ३९८ | ३८४ | ३६५ |
| २० | ल्याब सामग्री खरिद | ४५४ | २९१ | २७७ |
| २१ | विद्यार्थीसँग करेसाबारी कार्यक्रम_प्रथम | २८८ | २७४ | २७० |
| २२ | विद्यार्थीसँग करेसाबारी कार्यक्रम_दोस्रो | २२५ | २२१ | २१८ |
| २३ | विपन्न विद्यार्थीहरुका लागि झोला खरिद | १८० | १७९ | १७० |
| २४ | विपन्न विद्यार्थीहरुका लागि कापि खरिद | १५२ | १४९ | १४२ |
| २५ | च्याउको विउ खरिद | २७० | २६२ | २४९ |
| २६ | स्थानीय पाठ्यपुस्तक तयारी तथा छपाई | २३९ | २३६ | २२५ |
| २७ | स्यानिटरी प्याड खरिद | ८९१ | ८८३ | ८४१ |
| | जम्मा | १२७६९ | १२३१९ | ११६२७ |

## २५ खरिद ब्यवस्थापन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु १० करोड भन्दा वढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने, सम्भावित प्याकेज तयार गर्नुपर्ने, नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले वार्षिक खरिद योजना बनाई उपर्युक्त कार्यमा प्याकेज बनाएर प्रतिष्पर्धा गराई खरीद गर्नुपर्नेमा खरिद योजना तयार गरेको देखिएन।

| पूँजीगत खर्च शिर्षक | बोलपत्रबाट भएको खरिद | सिलबन्दी दरभाउ पत्रबाट भएको खरिद | सोझै खरिद | अमानतबाट भएको खरिद | उपभोक्ता समितिबाट भएको खरिद | गैर सरकारी संस्थाबाट खरिद | कन्टिन्जेन्सी | जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| ११४९०५ | ६०३१० | ७००० | २७६८ | ० | ३२८३७ | ४०० | ० | |

कार्यालयको खरिद विवरण विश्लेषण गर्दा सोझै खरिद विधिवाट रु २७६८००० तथा उपभोक्ता समितिवाट रु३२८३७००० सिलवन्दी दरभाउपत्रवाट रु ७० लाख समेत रु ४ करोड २६ लाख ५ हजार गरी प्रतिस्पर्धा वेगर ३७ प्रतिशत खरिद गरेको देखियो । सम्भावित प्याकेज तयार गरी गुणस्तरीय पद्धतिवाट खरिद कार्य गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

२६ **राजश्व ढिला दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७ बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८ (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतको दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था छ । पालिकाले सफ्टवेयरको माध्यमवाट राजस्व संकलन गर्ने गरेको जनाएतापनि राजस्व असुली दाखिला कानूनी व्यवस्था अनुरुप भएको देखिएन। पालिकाको आन्तरिक राजस्व विवरणको सुत्र प्रविष्ट रकम अनुसार रु ८०,९९,६०८.७८ आम्दानी गरेको देखिएकोमा केही वडाहरुवाट संकलित राजस्व सोहि दिनमा नभई केही दिन ढिलो भएको देखियो यस सम्बन्धमा पालिकासँग छलफल गर्दा भौगोलिक हिसाबले तोकिएको समयमा दाखिला गर्न नसक्ने अवस्था रहेको जनाएको भएतापनि पालिकाले वडा कार्यालयमा संकलित राजस्व समयमा दाखिला गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२७ **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फछ्यौट सम्बन्धी व्यवस्था रहेको छ। पालिकाले यस वर्ष निम्नानुसारको कार्यक्रमको पेश्की वाँकी रहेकोमा आर्थिक वर्षको अन्तसम्म वाँकी रहेको देखिएकोले उक्त म्याद नाघेका पेश्की खरिद नियमावली तथा खरिद सम्झौता वमोजिम फर्स्यौट हुनुपर्ने

| क्र.सं | पेश्की लिने व्यक्ति वा फर्म वा कम्पनीको नाम | पेश्की रकम |
|---|---|---|
| १ | नेपाल विद्युत प्राधिकरण | ३१००९०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-११** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ३१,००,९०० |

२८ **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) कार्यालय प्रमुखले बजेट खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा नमुना परीक्षण गरी हेर्दा पालिकाले निम्नबमोजिमको शीर्षकमा फरक शीर्षक पारी खर्च लेखेको देखियो उक्त खर्च १७ औ गाँउसभा मिति २०८२।०३।२६ को निर्णयले खर्च समर्थन गरेको देखियो । बजेट तथा कार्यक्रम निर्माणको बखतमा नै संसोधन नहुने गरी कार्य गर्नुपर्ने देखिन्छ ।

| गो.भौ.नं/मिति | विवरण | भएको शिर्षक | हुनुपर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| १६६।२०८१।०९।२१ | नगर प्रहरीको ड्रेस खरिद | स्थायी कर्मचारी पोशाक | | ३२५४० |
| ५६१।२०८२।०३।०५ | स्थायी कर्मचारीको तलब भुक्तानी | कर्मचारी कल्याण कोष | पारिश्रमिक कर्मचारी | ५८२३३२ |
| ५७४।२०८२।०३।०६ | नागरिक आरोग्य केन्द्रका कर्मचारीको तलब | स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगीहरुको तलब भत्ता सुविधा | आयुर्वेद वा आरोग्य केन्द्रका कर्मचारीको सुविधा | १७८९६० |
| ६०५।२०८२।०३।१० | आर्युर्बेद औषधी खरिद | नसर्ने रोगसम्बन्धि सचेतना र स्वस्थ जीबनशैली व्यस्थापन कार्यक्रम | औषधी खरिद | ९४११० |
| ७४७।२०८२।०३।२४ | पालिकाले लिएको सवारी साधन भाडा भुक्तानी | कृषि तथा पशु बस्तु बजारीकरण र ब्रान्डिङ | सवारी साधन भाडा | २५०००० |
| **जम्मा** | | | | ११३७९४२ |

२९ **ल्याव केमिकल तथा उपकरण खरिद** (२१०-2081-10-07):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजिम खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्तालाई कराको शर्त बमोजिम अन्तिम बिल भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले ल्याव केमिकल तथा उपकरणहरु खरिद गरेवापत स्टार इन्टरनेशनल एक्सपोर्ट एण्ड ईम्पोटलाई रू.३२२९३७/- भुक्तानी गरेकोमा सम्झौता अनुसार न्युनतम प्रयोग अवधि १ वर्षको म्याद हुनुपर्ने र कम अवधिको भएमा सो आइटमहरुको प्रथम पक्षले भुक्तानी दिने छैन भन्ने उल्लेख भएकोमा सप्लायर्सले पेश गरेको कर बिजकमा सामानको Expire date को अवधि नखुलेको र प्राप्त भएको सामाग्रीको निरीक्षण प्रतिबेदन नभएकोले सो सामानहरु सम्झौता बमोजिम प्राप्त भए/नभएको सम्बन्धमा एकिन गरेपश्चात मात्र जिन्सी दाखिला गर्नुपर्दछ ।

३० **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।नमुना छनौट गरि परीक्षण गर्दा पालिकाले देहायका वडाहरुमा ज्येष्ठ तथा विपन्न नागरिकहरुलाई व्ल्याङकेट लगायतका सामाग्री वितरण वापत रू.३,६९,९९०/- भुक्तानी खर्च लेखेको छ ।यस्तो प्रकारको वितरणमुखी खर्च लेख्दा आन्तरिक आय समेतको विश्लेशण गर्नुपर्ने देखिन्छ।

| गो.भौ.नं | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|
| २२०।२०८१।१०।०९ | वडा नं ४ मा तिज गीत कार्यक्रम | ७४४९५ |
| २७८।२०८१।११।०७ | पालिकाभित्रको ५०० जना जेष्ठ नागरिकलाई व्ल्याङकेट वितरण | २९५४९५ |
| | जम्मा | ३६९९९० |

३१ **दरबन्दी बाहिरका कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश,

कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार मिति २०८१।०३।१० को पन्ध्रौँ गाँउसभाबाट ८ वटा सामुदायिक स्वास्थ्य सेवा इकाईमा कार्यरत २४ स्वास्थ्यकर्मीको संगठन व्यवस्थापन गरी कर्मचारी व्यवस्थापन गरिएको पाइयो तर १ जना कम्प्युटर अपरेटर र ४ जना बालमैत्री सहजकर्तालाई दरबन्दी बाहिर करारमा नियुक्ती गरी भुक्तानी गरेको अनियमित देखिएको रकम रू.

| | |
|---|---|
| अनियमित भएको | ८,४९,००० |

३२ **स्थलगत निरीक्षण तथा योजनाहरुको अनुगमन**

पालिकाले यसवर्ष सडक निर्माण, कटिङ, ग्राभेल, पुर्वाधार निर्माण लगायतको योजनाहरुको भुक्तानी गरेको छ । यसरी भुक्तानी गरिएका योजनाहरुको अनुगमन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को (ख) को उपदफा ४ (ख) बमोजिम उपाध्यक्षवाट योजना अनुगमन गर्ने तथा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले आन्तरिक नियन्त्रण ब्यबस्था प्रभाबकारी पार्ने व्यवस्था छ ।

• स्थानीय तहवाट निर्माण र सम्पादन हुने कार्यमा स्थलगत रुपमा स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष संयोजक रहेको अनुगमन/ मूल्याकन समितिले अनुगमन गरी जाँचपास गरी भुक्तानी प्रकृया अपनाउनु पर्नेमा वडा स्तरीय योजनाहरुमा वडा अनुगमन समितिको फर्म्याट राखी दस्तखत गरिएको तथा पालिका स्तरीय योजनाहरुको अनुगमन प्रतिवेदनमा उपाध्यक्ष तथा पदाधिकारीले दस्तखत गर्ने गरेको श्रेस्ता परीक्षणवाट देखियो । वडा स्तरीय अनुगमन फाराममा सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति, लगायतको विवरणहरु अनुगमन फारममा भर्ने गरेको र केही योजनाहरुमा उक्त विवरणहरु उल्लेख भएता पनि केवल नाम तथा दस्तखत मात्र संलग्न भएको देखियो । उपभोक्ता समितिले गरेका मुख्य कार्यहरुको विवरण लगायतको व्यहोरा उल्लेख नगरेको देखियो ।

•कानुन वमोजिम अनुगमन समिति गठन गरी अनुगमन प्रतिवेदन साथ योजनाहरुको पुष्टयाई गर्ने तस्वीर, योजना अनुगमन गरेको मिति, अनुगमनका क्रममा देखिने त्रुटी औंल्याई गर्नुपर्ने सुधार सहितको टिप्पणी लगायतको कुराहरु उल्लेख गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाएर मात्र भुक्तानीको व्यवस्था मिलाई कानुनी परिपालना गर्नुपर्ने देखिन्छ।

पालिका स्तरबाट हुने सम्पुर्ण पूर्वाधारका योजना, तालिम कार्यक्रम, वितरणमुखी कार्यक्रम, लाभग्राहीमुखी कार्यक्रम तथा क्षमता विकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा विश्लेषण गर्नुपर्दछ । ऐन कानुनले व्यवस्था गरेअनुसार कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवं अनुगमन कार्यलाई जिम्मेवार बनाई निर्माण तथा अन्य कार्यको गुणस्तर कायम हुनुपर्दछ ।

३३ **अध्याबधिक नापी कार्यको विवरण नभएको**

पालिकाले गत विगतमा कार्य पुरा नभइ यस वर्ष म्याद थप भएका तथा म्याद कायम खरिद सम्झौताको भुक्तानी गर्दा नापी किताबमा अध्यावधिक परिमाण उल्लेख गरेको देखिएन। सम्वन्धित विलको मात्र नापजाचको विवरण राखेको देखिएकोले भुक्तानी वखतको अध्याबधिक विवरण राख्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३४ **न्युन बजेट बिनियोजन गरी योजनाहरु अधुरो हुन गएको**

पालिकाले यस वर्ष बजेट विनियोजन गरी खर्च लेख्दा अधिकांश योजनाहरू अपुरो हुने गरी बजेट विनियोजन गरेको छ। खरिद तथा निर्माण आवश्यकता समेतको पहिचान गरी कार्य सम्पन्न हुने गरी बजेट विनियोजन नगर्नाले प्रत्येक वर्ष बजेट विनियोजनको सुनिश्चितता नहुने, थप कार्य गराउँदा नापी किताब लगायतको अभिलेख व्यवस्थित नभई लागत अनुमान तयार गर्न र पुष्ट्याई गर्न समस्या हुने, गुणस्तरीयता समेत कमजोर हुने समस्या देखिन सक्ने हुन्छ । तसर्थ पर्याप्त बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न हुने गरी कार्य गर्नुपर्ने देखिएको छ। पालिकाले यस वर्ष संचालन गरेका अधिकाँश योजनाहरुमा पर्याप्त बजेट नछुट्याई न्युनतम ५० हजार रुपैयासम्मको बजेट विनियोजन गरिएको तथा अधिकाँश योजना १ देखि २ लाखसम्म विनियोजन गरेकोले केही कार्य मात्र भइ अधिकांश योजनाहरु अपुरो रहन गएको छ । वर्षेनी श्रोत सुनिश्चितताको अवस्था नहुनसक्ने हुनाले न्युन वजेट विनियोजन नगरी कार्यसम्पन्न हुने पद्दतीवाट बजेट विनियोजन र कार्यान्वयन हुनुपर्ने देखिन्छ ।

## ३५ लागत अनुमान तथा दर विश्लेषण

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन भएका योजनाहरुको लागि आफ्नै छुट्टै नर्म्स भएको नदेखिएको र लेखापरीक्षणको क्रममा आर्थिक वर्ष २०८१।८२ फरक फरक नर्म्स प्रयोग भएको देखिएको छ। सडक, भवन लगायतको संरचना निर्माणको लागि सम्बन्धित कार्यमा सम्बन्धित निकायको बैज्ञानिक नर्म्स प्रयोग गर्नुपर्ने तथा स्थानीय स्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेषण गरी किफायती, बैज्ञानिक तथा गुणस्तरीयता समेत कायम हुने नर्म्स प्रयोग गर्नुपर्दछ ।

## ३६ क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले समयमै योजना सम्झौता गरी सम्पन्न गर्नुपर्दछ । पालिकाले यस आ.ब अन्तर्गत योजना छनौट गरी समयमै सम्झौता तथा सम्पन्न गर्नुपर्नेमा आ.व २०८१।०८२ मा छनौट गरिएका योजना कति सम्पन्न भए, कतिको रनिङ बिल मात्र भुक्तानी भए , अद्यावधिक कार्य कति छ सो को अभिलेख राखेको छैन । पालिकाले वडा भवन मर्मत/भवन निर्माण, सडक निर्माण , सिचाइ, कच्ची सडक निर्माण लगायतका योजनाहरु एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक बर्षसम्म कुन अबस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले आगामी वर्षहरुमा पुन: क्रमागत बजेटमार्फत योजना बनाउँदा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भावना देखिन्छ । परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढी परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम हुनसक्ने देखिन्छ । पालिकाले तर्जुमा गरेको योजना कार्यान्वयन , सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको विवरण अद्याबधिक राखी तथा यकीन गरी अभिलेख व्यबस्थापन गर्नुपर्दछ ।

## ३७ कन्टेन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको वर्कचार्ज स्टाप तर्फ २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाले कन्टिजेन्सी खर्च सम्बन्धि कार्यविधि तयार गरेको छैन । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २.५ प्रतिशत कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन ।

## ३८ अधुरो योजनामा बजेट विनियोजन पश्चात पुन अधुरो हुन गएको

पालिकाले गतबिगतमा आंशिक कार्य भइ अधुरा रहेका योजनाहरुमा यस बर्ष न्युन बजेट विनियोजन गरी उपभोक्ता समितिमार्फत भौतिक संरचनाहरू निर्माण गर्दा केही योजनाहरु पुरा भएका तथा केही पुन: अधुरो हुनेगरी कार्य गरेको देखियो । गत विगतमा अधुरो रहेका उक्त योजनाहरुको अध्यावधिक नापी किताब लगायतका विवरणहरु संलग्न नगरी यस्ता योजनाहरु सञ्चालन गर्दा ओभरल्याप हुन सक्ने समस्या देखिन्छ भने गुणस्तरीयता समेत नहुन सक्ने देखिन्छ । पर्याप्त बजेट बिनियोजन नगरी कार्य गर्दा अधुरो योजनाहरुको निर्माण कार्य पुरा गर्न धेरै बर्ष लाग्ने तथा वार्षिक रूपमा बजेट विनियोजनको सुनिस्चितता समेत नहुने देखिन्छ । योजना छनौट गर्दा पर्याप्त बजेट तथा सम्पन्न हुने हिसाबले गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। गतबिगतमा अधुरो रहेका र यस वर्ष बजेट बिनियोजन गरी खर्च गर्दा समेत केही योजनाहरु सम्पन्न भएका तथा केही योजनाहरु पुन अधुरो नै हुन गएको देखियो । केही उदाहरणहरु-

| सि नं | योजनाको नाम | बजेट रू. हजारमा | खर्च रू. हजारमा |
|---|---|---|---|
| १ | सुरुमडाडा स्वास्थ्य इकाइ भवन अधुरोरम्भा २ | ८०० | ८०० |
| २ | रिमिघा आमा समुह भवन अधुरो थप | ४०० | ३९० |
| ३ | माइस्थान प्रा.वि.भवन अधुरो रम्भा -२ | ५०० | ५०० |
| ४ | जनउत्थान कृषक समुह भवन अधुरो रम्भा-३ | २०० | १८९ |
| ५ | रानाटोल आमा समुह भवन निर्माण रम्भा -५ | २५० | २४५ |
| ६ | प्रशासनिक भवन निर्माण | ५००० | ४८३७ |
| ७ | नौलादेवी सामुदायिक भवन अधुरो रम्भा -१ | २५० | २४३ |
| ८ | बहुउद्धेश्यीय सामुदायिक भवन / सनराइजकेन्द नेपाल अधुरो रम्भा -३ | २५० | २४४ |
| ९ | रिमिघा आमासमुह भवन अधुरो रम्भा ३ | २५० | २५० |
| १० | हाकडाडा सामुदायिक महिला भवन अधुरोरम्भा -३ | २५० | २५० |

३९ **गाडीभाडा भुक्तानी**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक वर्षमा बर्षभरी सम्झौता गरी गाडिभाडा वापत रु १७,२१,५२० खर्च लेखेको छ । यस्तो प्रकारको खर्च लेख्दा पालिकाको आवश्यकता, आन्तरिक आय लागतको विश्लेशण गरि मितव्ययिता कायम गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४० **उपभोक्ता समितिवाट खरिद व्यवस्थापन**

पालिकाले यस वर्ष संचालित भएका निर्माण कार्यको उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत खरिद व्यवस्थापन सम्बन्धमा व्यवस्था रहेकोमा सो अन्तर्गत देखिएका सैद्धान्तिक व्यहोराहरु निम्नानुसार रहेका छन्।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राहि समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिको आमभेला गठनको लागि प्रस्तावको सुचना संलग्न भएको देखिएतापनि उपभोक्ता समितिको लागि आमजनले पेश गरेको प्रस्ताव लगायतको कागजातहरु पेश गरेको देखिएन। विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक भएको देखिने प्रमाणकागजातहरु थप व्यवस्थित गर्नेतर्फ ध्यान दिनपुर्ने देखियो ।

• उपभोक्ता समितिले अधिकाशं योजनाहरुमा पेश गरेको ग्राभेल ,माटो, बालुवा गिटी लगायतका सामग्रीहरु खरिद गर्दा भरपाई मार्फत भुक्तानीको लागि पालिकामा पेश गर्ने गरेको देखियो। यसरी खरिद भरपाई संलग्न गर्दा नमुना छनौट गरी परिक्षण गरिएका योजनाहरुमा परिमाण खुल्ने देखिंदैन। सम्भव भएसम्म निर्माण सामग्रीहरूको आधिकारिक बिल पेश गर्न लगाउने तर्फ पालिकाले ध्यान दिनुपर्छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका

आयोजनाहरुको सुची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सुची तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आयोजना हस्तान्तरण कार्यविधि तयार नगरेको तथा सम्पन्न भएका कुनै पनि योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिसँगको छलफल , योजना सम्पन्न पश्चातको प्रतिकृया, आगामी दिनमा योजनाबाट सिक्नुपर्ने सिकाई लगाएको व्यहोरा सहित अपनत्व कायम हुने गरी सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यबिधि तयार गरी सम्पन्न भएका आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ।

• उपभोक्ता समितिको न्युन योगदान -पालिकाले मिति २०८१।०८२ मा गरेको निर्णयअनुसार उपभोक्ता समितिको अधिकतम १० प्रतिशत मात्र राखी सम्झौता गर्ने निर्णय गरेको र सोही अनुसार भुक्तानी गर्ने गरेको देखियो । न्युन लागत सहभागिता राखी कार्य गराएकोले पुनर्विचार गरी उपभोक्ता समितिको लागत सहभागिता अधिकतम वनाउनुपर्ने देखिन्छ ।

• निर्माण कार्यको समय र गुणस्तर – सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सो पुरा गर्न लाग्ने अवधि, गुणस्तरीयता लगायतको बिचार गरी निर्माण समयाबधी कायम गर्नुपर्दछ । पालिकाले उपभोक्ता समितिहरुसँग सम्झौता गरी निर्माण कार्य गर्दा cement concreting, भवन निर्माण लगायतमा न्युन अवधिभित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको तथा सोही अबधिभित्र उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेको देखियो । कोटेशन तथा सिलवन्दी समेतको कार्य गराएकोमा PCC लगायतको कार्य गराएको नापी संलग्न भएकोमा कुनै पनि योजनाहरुको प्राविधिक परीक्षण गरेको देखिएन । cement concreting लगायतका कार्यहरूको गुणस्तर कायम हुनेगरी ल्याव टेस्ट समेत गरी अनुगमन प्रतिवेदन संलग्न गरेर मात्र निर्माण कार्यको भुक्तानी हुनुपर्ने देखिन्छ । उपभोक्ता तथा प्रतिस्पर्धात्मक तवर तथा अन्य खरिद विधि अपनाई गरिएका सम्पुर्ण पुर्वाधारजन्य खरिद व्यवस्थापनको प्राविधिक परीक्षण गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

• डोर हाजिरः पालिकाले उपभोक्ता समितिवाट सम्झौता गराइ कार्य गर्दा तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्णरुपमा भर्नुपर्दछ । पालिकासँग भएको सम्झौता अनुसारको बिल भरपाई पेश गर्दा उपभोक्ता समितिले डोर हाजिरमा उल्लिखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । महालेखापरीक्षकवाट स्वीकृत डोरहाजिरी फारम भरी प्राविधिक नर्म्स अनुसार सामाग्री विवरण र श्रम गणना गरी लागत अनुमानका साथ सामाग्री विवरण समेत उपलव्धता गराई निर्माण कार्यमा सुधार हुनुपर्दछ ।

• नापी किताब प्रबिष्टी एवं अभिलेख:- निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. ५०३ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, योजना संचालन गर्नेको नाम, कामको नाम र स्थान, चेनेज, काम सुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले तयार गरेको नापी किताबमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ ।पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा पछिल्लो थप निर्माण कार्य गराउंदा आवश्यक सूचना लिन र अभिलेख व्यवस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ बिलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भावना रहने देखिन्छ । क्रमागत तथा बहुबर्षीय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कति भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख व्यवस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति, सम्पादित नापजाँचको चेनेज लगायत अनिवार्य खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ।

• उपभोक्ता समितिहरुले बिल भरपाईहरु पेश गर्दा अधिकांश योजनाहरुमा सेतो कागजी भरपाईमा रकम बुझाएको दस्तखत सहितको प्रमाण राख्ने गरेको, नमुना छनौट गरिएका केहि योजनाको बिल भरपाईहरु जोड जम्मा गर्ने नगरेको, देखियो। यस्तो प्रकारको श्रेस्ताहरु

संलग्न गरी भुक्तानी गर्दा आन्तरिक नियन्त्रण प्रभावकारी नहुने, वास्तविक कार्य नभई भुक्तानी हुन सक्ने लगायतका समस्या देखिन सक्ने भएकोले खरिद नियम कानूनको परिपालना अनुसार खरिद व्यवस्थापन गर्नुपर्दछ।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) बमोजिम श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। हेभी मेसिनरी प्रयोग गरी गर्नुपर्ने कार्यमा प्रतिस्पर्धामक तवरवाट कार्य गर्नुपर्नेमा उपभोक्ता समितिवाट न्युन कार्य गरेको प्रमाण संलग्न गरी भुक्तानी दिएको देखियो । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

• लागत अनुमान अनुसारको विल भरपाई यकिनको स्थिति - उपभोक्ता समितिहरुले योजना सम्पन्न पश्चात पेश गरेको विल भरपाई लागत अनुमान तथा नम्स अनुसार लाग्नेभन्दा घटीबढी वा वास्तविक छ/छैन सो सम्वन्धमा यकिन गर्ने गरेको देखिएन । केही सामग्रीको (इटा,छड, सिमेन्ट लगायतको ) अस्वभाविक रुपमा बढी बिल भरपाई समेत पेश हुने गरेको देखियो । अधिकाँश योजनाहरुको श्रेस्तासाथ संलग्न विल भरपाइको परीक्षण गर्दा कति परिमाण उपभोक्ता समितिवाट खरिद भयो खुल्न सक्ने स्थिति देखिएन । उपभोक्तावाट पेश भएका बिल भरपाई हरूको पालिकाबाट नर्म्स अनुसारको गणना तथा परीक्षण भएको देखिएन ।लागत अनुमान अनुसार वास्तविक बिल भरपाई यकिन समेत नगरी भुक्तानी गर्नाले उपभोक्ताबाट गुणस्तरीय कार्य भएको छ भने विश्वस्त हुने आधार देखिएन।

• उपभोक्ता समितिलाइ रनिङ विल तथा कार्यसम्पन्न वापतको भुक्तानीमा पेश भएकोमा कागजातमा उपभोक्ता समितिको छाप तथा दस्तखत संलग्न भएको नदेखिएको यस सम्वन्धमा ध्यान दिइ उपभोक्ता समितिवाट प्रमाणित गराई थप जिम्मेवार वनाई प्रमाणकागजात पेश गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

## ४१ नर्म्सभन्दा बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सडक विभागको नर्म्स प्रयोग गरेको देखिएकोमा उक्त नर्म्सको concrete for structure को लागि नर्म्स नं 2000, तथा masonry कार्यको लागि नम्स नं 2600 अन्तर्गत प्रयोग हुने आइटम सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले सोही अनुसार दरविश्लेषण गर्नुपर्नेमा नमुना छनौट गरी परीक्षण गरिएको निम्नानुसारको योजनाहरुमा फरक दररेट विश्लेशण गरेको देखियो ।अत:बढी दररेटले भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा ४१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३०,६४१ |

## ४२ बिल भरपाई तथा खर्चको पुष्ट्याईं

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **३९८,५२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ४३ पुजीगत शिर्षकबाट फरक खर्च

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९ अनुसार सभावाट स्वीकृत भएको योजना तथा कार्यक्रममा मात्र खर्च खर्च लेख्न मिल्ने देखिन्छ। नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसार स्वीकृत कार्यक्रम अनुसार खर्च नलेखी फरक कार्यक्रममा खर्च लेखेकोमा

१७ औं गाँउसभा मिति २०८२।०३।२६ को निर्णयले खर्च समर्थन गरेको देखियो । बजेट तथा कार्यक्रम निर्माणको बखतमा नै संसोधन नहुने गरी कार्य गर्नुपर्ने देखिन्छ ।

| सिनं | मिति | भौन | योजनाकोनाम | भुक्तानीप्रयोजन | रकमरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०३/१२/२०८२ | २०८ | डोजरसंचालन तथा व्यवस्थापन | गाडी भाडा भुक्तानी - | १२००० | |
| २ | ०३/१३/२०८२ | २१२ | डोजरसंचालन तथा व्यवस्थापन | कर्मचारीलगायतलाइ इन्धन भुक्तानी | १६२२८८ | |
| ३ | ०३/२३/२०८२ | २५९ | सडकमर्मत संभार,लागत साझेदारी कार्यक्रम, | झोकेनीकिटेनी सडक मर्मत र सानाहुगी मावि भवन निर्माण | ८०१४२३ | लागतसाझेदारी समेत अन्तर्गतको रकम कार्यपालिकालवाट निर्णय गरी भुक्तानी |
| ४ | ०३/२३/२०८२ | २६२ | वडाकार्यालय मर्मत तथा व्यवस्थापन, एक्सरे मेशिन संचालनका लागि पुर्वाधार निर्माणताहु र हुगि | एक्सरे मेसिन संचालनका लागि एसी, व्याकअपलगायतको सामाग्री खरिद | ५००००० | वडाकार्यालय मर्मत तथा व्यवस्थापन शिर्षकवाट खर्च लेखेकोमा कार्यपालिकाको निर्णयसमेत नभएको |
| ५ | ०३/२३/२०८२ | २६४ | सार्वजनिकसरकारी सम्पत्ति खुला क्षेत्रको रेखाँकन र संरक्षण | रम्भा गापा. को आवधिक योजना निर्माण | १२७५२९ | कार्यपालिकाकोनिर्णय संलग्न नभएको |
| | | | | | १६०३२४० | |

४४ **१७०।०८२।०२।१४ औधोगिक ग्राम निर्माण कार्य (ठेनं ०८१।०८२-०५)**

४४.१ यस निर्माण कार्यको लागि रु ८५,४०,१७२/- को लागत अनुमान तयार गरी पञ्चपुत्र कन्सट्रक्सन एण्ड सप्लायर्स स्याङ्जासंग रु ७१,५५,२२२/- मा मिति २०८१।१०।२९ मा सम्झौता भएकोमा २०८२।०३।२० सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

४४.२ न्युन प्रगति:- निर्माण व्यवसायीले यस आर्थिक वर्षमा दोश्रो रनिङ विलसमेत रु ३३,९६,९१०/- को मात्र अध्याबधिक भुक्तानी लगेकोमा संलग्न विवरण अनुसार बित्तीय प्रगति ४७.४७ प्रतिशत रहेको देखिन्छ ।सम्झौतामा वर्क सेड्युल संलग्न भएको नदेखिएको तथा निर्माण व्यवसायीले समेत उक्त विवरण संलग्न गरेको देखिएन। निर्धारित अबधिमा न्युन कार्य गरेको देखियो ।

४४.३ गुणस्तर परीक्षण :- निर्माण कार्यको लागि प्रोभिजन सम समेतमा गुणस्तर परीक्षणको व्यवस्था भएकोमा दोश्रो रनिङ विलसम्म pcc works, brick masonry लगातयको कार्य गरेकोमा सो को गुणस्तर परीक्षण प्रतिबेदन संलग्न गरेको छैन। सम्झौता अनुसारको कार्यसम्पन्न भएको देखिने प्रतिबेदन संलग्न गरेर मात्र कार्यको भुक्तानी गर्नुपर्ने देखिन्छ।

४४.४ म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु ब्यवस्था छ ।साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असूल गर्नुपर्ने व्यवस्था छ । निर्धारित अबधिमा कार्य सम्पन्न नभएपश्चात निर्माण व्यवसायीले मिति २०८२।०३।१९ मा म्याद थप माग गरेकोमा २०८२।०६।२० सम्म थप गरेको देखियो । म्याद थप गर्दा पर्याप्त पुष्टंयाइ तथा सम्बन्धित प्राविधिकको सिफारिस संलग्न भएको देखिदैन। निर्माण व्यवसायीलाइ

निर्माण कार्य समयमा सम्पन्न नभएको कारण पटकपटक ताकेता गरेकोमा म्याद थप गर्दा कारण समेत उल्लेख नभएकोले आवश्यकता समेत बिश्लेशण गरेर मात्र म्याद थप गर्नुपर्ने देखिन्छ ।

४५ **आर्थिक सहायता**

पालिकाले विपद व्यवस्थापन तथा पालिका चालु शिर्षकवाट विभिन्न व्यक्तिहरुको उपचार, क्षति लगायतको प्रमाणकागजात संलग्न गरी रु ९७४००० उपलव्ध गराएको छ । पालिकाले आर्थिक सहायता वितरण तथा व्यवस्थापन कार्यबिधि २०८०( राजपत्रवाट प्रकाशित मिति २०८०।०६।०४ ) अनुसार विभिन्न शिर्षकवाट विभिन्न व्यक्तिहरुलाई रकम उपलव्ध गराएको देखियो । यस्तो प्रकारको खर्च लेख्दा आन्तरिक आय समेतको विश्लेषण गरी कार्य गर्नुपर्ने देखिन्छ।

४६ **एजविल्ट नक्सा संलग्न नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको कार्यको निर्माण व्यवसायीसंग भएको खरिद सम्झौताको GCC 71.2 को SCC section मा निर्माण कार्य सम्पन्न भएको १ महिनाभित्र As Build drawing पेश गर्नुपर्ने र उक्त नक्सा पेश नगरेमा रकम रोक्का राख्ने व्यवस्था उल्लेख भएको देखिएकोमा कार्यस्वीकार प्रतिबेदन तयारीको बखतसम्म एजविल्ट नक्सा पेश नगरेकोले उक्त रकम असुल गरी नक्सा तयार गर्नुपर्ने रु

| मिति | भौचर नं | योजनाको नाम | रोक्का नराखेको रकम | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|---|
| ०६/२२/२०८१ | ६ | लसुने ओमभन्ज्याङ र पन्टार सोर्लेक ओमभन्ज्याङ मो.वा | २०००० | कालिका विन्दवासिनी कन्सट्रक्सन एण्ड ईन्जिनियरिङ प्राली |
| ०६/२२/२०८१ | ८ | रम्भदेवी पर्यटन प्रवर्धन | १०००० | गणेश निर्माण सेवा |
| | | | ३०००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

४७ **कोटेशनबाट खरिद**

४७.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य, गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले विभिन्न योजनाहरुमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४१ तथा नियमाबली ८५ को उपनियम १(क) बमोजिम हुने भनी कोटेशनवाट खरिद गरेको छ । यसरी खरिद योजना नबनाएको, सम्भाबित प्याकेज तयार नगरेको, केही योजनाको प्याकेज तयार गरेतापनि खुल्ला कोटेशनवाट खरिद भएकोमा प्रतिस्पर्धा नदेखिएको तथा टुक्रे योजना अनुसार खरिद कार्य गरेकोले (उस्तै प्रकृतिका प्रदेश स्तरवाट विनियोजित बजेटमा ४३ प्रतिशतसम्म घटीमा कार्य भएको देखिएको) मितव्ययी नदेखिएको र प्रतिस्पर्धा सिमित हुने गरी खरिद गरेको देखियो तसर्थ पालिकाले खरिदजन्य कार्य गर्दा खुल्ला कोटेशनबाट गर्ने कार्य नियन्त्रण गरी खरिदको प्रतिस्पर्धात्मक विधि अपनाउनुपर्ने देखिन्छ ।

४७.२ खुल्ला कोटेशनवाट खरिद गरिएका खरिद योजनाहरु:-नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको ३० वटा निर्माण योजनाहरुमा रु १ करोड ७३ लाख ४ हजारको लागत अनुमानमा रु १ करोड ७१ लाख १० हजारको खरिद सम्झौता गरी सम्पादित कार्यको आधारमा १ करोड ६८ लाख ४५ हजार भुक्तानी गरेको देखियो । लागत अनुमानकै हाराहरीमा खरिद सम्झौता भएको खरिद कार्य मितव्ययी देखिदैन ।सम्भावित प्याकेज समेत तयार गरि प्रतिस्पर्धात्मक तवरवाट खरिद कार्य हुनपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४७.३ कोटेसन संलग्न गरी खरिद गरिएको मेसिनरी औजारहरु :-

| मिति | | भौन | कार्यक्रम | | लागतअनुमान | सम्झौताभुक्तानी | आपुर्तिकर्ता | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ०२/०१/२०८२ | | १६१ | विद्यालयलाई प्रोजेक्टर खरिद, सुचना प्रविधि तथा प्रणाली व्यावस्थापन | इ हाजिरी र शिक्षाको प्रोजेक्टर खरिद | ६९७९२१ | ६७००९० | सनसाइन टेक्नोलोजी | ३.९९ |
| ०९/१८/२०८१ | | १५ | सुचना प्रविधी तथा प्रणाली व्यावस्थापन | नापी शाखाको ल्यापटप खरिद | ९६७८८ | ९६७८८ | इन्फो चिपप्रा.लि. | ०.०० |
| ०२/१९/२०८२ | | १७८ | मेशिनरी औजार खरिद एम आइ एस लगायत | कार्यालयप्रयोजन | ९७१८० | ९७१८० | इन्फो चिपप्रा.लि. | ०.०० |
| ०३/१७/२०८२ | | २२० | मेशिनरीऔजार खरिद एम आइ एस लगायत | वडा एबंपालिकाको लागी कम्प्युटर ल्यापटप खरिद | ९९९६३५ | ९९१५७५ | सुत्र आइटिकन्सल्टेन्ट प्रालि | ०.८१ |
| ०२/१९/२०८२ | | १७९ | कन्टेन्जेन्सी | ल्यापटपखरिद | ९९९९३ | ९९९९३ | क्विकमल्टि सर्भिस | ०.०० |
| २०८२/०२/२९ | | १९५ | विशेषअबस्थामा खरिद | सिसिक्यामरा जडान | ९१२७६ | ९१२७६ | आचार्यइन्फोटेक | ०.०० |
| ०३/२३/२०८२ | | २६५ | सुचनाप्रविधि तथा प्रणाली व्यावस्थापन | सिसिक्यामरा जडान | ९२३०९७ | ९१९७०७ | आई. टि.जक्सन मल्टी सर्भिस प्रा.लि. | ०.३७ |
| ०३/२३/२०८२ | | २६२ | वडाकार्यालय मर्मत तथा व्यवस्थापन, एक्सरे मेशिन संचालनका लागि पुर्वाधार निर्माण ताहु र हुगि | एक्सरे मेसिन संचालनका लागि एसी, व्याकअपलगायतको सामाग्री खरिद | ६०२०६२ | ५९८१९९ | एच आरमेडिको कन्सर्न प्रालि | ०.६४ |
| | | | | | ३६०७९५२ | ३५६४८०८ | | |

लागत अनुमानकै दरमा तथा न्युन घटेको अवस्थामा खरिद सम्झौता गरी भुक्तानी गरिएकोले खरिद कार्य प्रतिस्पर्धी तथा नियमसम्मत देखिएन।

४८ **(संघीय सशर्त पुजीगत ) रम्भा मा वि नमुना विद्यालय भवन निर्माण ठेन (०८१।०८२-०३):-**

४८.१ यस निर्माण कार्यको लागि रु १,०६,३०,१३३/- को लागत अनुमान तयार गरी कालिका विन्धवासिनी कन्सट्रक्सन एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रालि सँग रु ७४,७३,५२५/- मा मिति २०८१।१०।२२ मा सम्झौता भइ २०८२।०३।२० सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

४८.२ म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु ब्यवस्था छ ।साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले

सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने व्यवस्था छ । निर्धारित अबधिमा कार्य सम्पन्न हुने नदेखिएको उल्लेख गर्दै कार्यालयले मिति २०८२।०१।२४ मा ताकेता पत्र लेखेको देखियो ।सो पश्चात निर्माण व्यवसायीले खरिद सम्पन्न गर्नुपर्ने अन्तिम मितिमा मात्र दोश्रो रनिङ विलको लागि निवेदन पेश गरेको छ । निर्माण व्यवसायीले मिति २०८२।०२।२८ मा म्याद थपको निबेदन दिएको देखिएकोमा कार्यापालिकाको २०८२।०३।०९ को निर्णयअनुसार मिति २०८२।०६। २० सम्म म्याद थप गरेको देखियो ।म्याद थप गर्दा पर्याप्त पुष्ट्याइ तथा सम्बन्धित प्राविधिकको सिफारिस संलग्न नभएकोले म्याद थप नियमसम्मत देखिदैन। निर्माण व्यवसायीलाइ निर्माण कार्य समयमा सम्पन्न नभएको ताकेता गरेकोमा म्याद थप गर्दाको मनासिव कारण समेत उल्लेख नभएकोले आवश्यकता समेत बिश्लेशण गरेर मात्र म्याद थप गर्नुपर्ने देखिन्छ ।

४८.३ न्युन प्रगति:- निर्माण व्यवसायीले यस आर्थिक वर्षमा सुरु खरिद सम्झौताको अन्तिम मितिसम्म दोश्रो रनिङ विलसम्मको अद्यावधिक भुक्तानी रु ३०,१३,२७५/- को मात्र भुक्तानी लगेकोमा संलग्न विवरण अनुसार बित्तीय प्रगति ४०.३१ प्रतिशत मात्र रहेको देखिन्छ । सम्झौतामा वर्क सेड्युल संलग्न भएको नदेखिएको तथा निर्माण व्यवसायीले समेत उक्त विवरण पेश गरेको देखिएन। निर्धारित अबधीमा न्युन कार्य गरेको देखियो ।यस सम्बन्धमा जिम्मेवार पक्षले ध्यान दिइ वर्क सेड्युल समेत पेश गर्न लगाइ समयमै कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

४८.४ (१५-2082-03-24):

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले निर्धारित अबधिमा निर्माण कार्य सम्पन्न नभएपश्चात रम्भा मा.वि.को खातामा रु ४४,६०,०००/- दाखिला गरेको देखियो ।निर्माण कार्य सम्पन्न नभएको देखिएकोले उक्त भुक्तानीको खर्च पुष्ट्याइ हुने प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,६०,००० |

४९ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावलीको परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएको छ । यस्तो कार्य गराउँदा लागत अनुमान रु २९,९७,५६७ बमोजिम नै हुनेगरी रु २९,६२,१८५ मा सम्झौता खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

| मिति | भौ न | योजना | लागतअनुमान | सम्झौतारकम | भुक्तानीरकम | परामर्शदाता |
|---|---|---|---|---|---|---|
| ०१/२५/२०८२ | १५८ | प्रशासकिय भवनको डिपिआर | १२९९०८८ | १२८९७८२ | १२८९७८२ | हातेमालो इन्जिनियरीङ एण्ड कन्सट्रक्सन प्राली |
| ०३/२२/२०८२ | २५४ | नदिजन्यसामाग्रीको वातावरणीय मुल्याँकन | ४९९२०९ | ४९८००० | ४९८००० | एवि इकोकन्सल्ट प्रालि, काठमाडौ |
| ०३/२३/२०८२ | २६४ | रम्भा गापा. को आवधिक योजना निर्माण | ९९९४६१ | ९७५५२९ | ९७५५२९ | अलाना इन्टरनेशनल |
| ०३/२५/२०८२ | ३०१ | घर नक्शाडिजाइन र मापदण्ड निर्माण | १९९८०९ | १९८८७४ | १९८८७४ | युनिभर्सलमल्टी इन्जिनियरिङ्ग डिजाइन कन्सल्टेन्सी |
| | | | २९९७५६७ | २९६२१८५ | २९६२१८५ | |

• परामर्श सेवाको लागि लागत अनुमान तयार गरेकोमा सो को आधार लागि सडक विभाग लगायतको नर्म्स लिएको कार्यालयले जनाएकोमा सम्बन्धित कार्यको लागि उस्तै प्रकृतिको नर्म्सको आधार लिनुपर्ने देखिन्छ। लागत अनुमान यथार्थपरक नहुँदा र नबनाउँदा खरिद कार्य मितव्ययी भएको छ भनी एकिन गर्न सकिएन ।

• कार्यालयका प्राविधिक जनशक्तिले गर्न नसक्ने योजनामा मात्र आउट सोर्सिङ्ग गरी कार्य गराउन पर्नेमा अध्ययन प्रतिवेदनहरु परामर्शदातबाट गराउने गरेको देखियो साथै कार्यालयभन्दा बाहिरका कर्मचारीबाट परामर्श सेवा लिनपर्ने कारण सम्बन्धमा निर्णय गरेको देखिएन ।

• परामर्शदातावाट तयार गरिएका सवै प्रतिबेदनहरु कार्यान्वयनमा आएको नदेखिएकोले आबश्यकता समेतको विश्लेषण गरी कार्य गर्नुपर्ने देखिन्छ।

५० **योजना सफ्टवेयर खरिद** (१९०-2082-02-26):

पालिकाले यसवर्षदेखि योजना संचालन सम्बन्धी कृयाकलापमा सहज हुने उल्लेख गरी दैलो टेक्नोलोजी प्रालिसंग खरिद सम्झौता गरी रु ४,९४,०००/- भुक्तानी गरेको छ।

क) खरिद कार्यको लागि रु ४,९८,३३०/- को लागत अनुमान तयार गरेकोमा उक्त लागत अनुमानको ब्रेकडाउन सहितको आधार तयार गरेको देखिएन।

ख) वार्षिक मेन्टेनेन्स चार्ज रु ५६,५६०/- कायम हुने देखिएकोमा यस्तो प्रकारको सफ्टवेयर खरिद गरी कार्य गर्दा नियामक निकायहरुवाट लेखांकन गर्ने पद्धति परिवर्तन हुँदा खर्च प्रयोजनविहिन हुने देखिएकोले यस सम्बन्धमा खर्च लेख्दा पालिकाले श्रोत उपयोग सम्बन्धमा ध्यान दिनुपर्ने देखिन्छ।

५१ **व्याकहो लोडर खरिद** (२३०-2082-03-18):

पालिकाले यस आर्थिक वर्षमा हेभि इक्विपमेन्ट र अन्य सवारी साधन खरिद शिर्षकवाट रु ५८,००,०००/- को लागत अनुमान तयार गरी एम ए डव्लु अर्थ मुभर्स प्रालि ललितपुरसँग क्याटलग सपिङ विधिवाट रु ४९,३०,०००/- मा व्याकहो लोडर खरिद खरिद गरेको देखियो ।जिन्सी दाखिला भएको छोटो समयमै गो भा नं २९५।०८२।०३।२५ वाट इन्धनवापत रु ३,२५,०००/- खर्च समेत लेखेको देखियो । उक्त हेभी इक्युपमेन्ट परिचालन सम्बन्धी व्याकहो लोडर संचालन तथा व्यवस्थापन निर्देशिका २०८२ तयार गरेको तथा उक्त निर्देशिकाको परिच्छेद ३ मा भाडादर निर्धारण गर्ने तथा परिच्छेद ४ मा भाडामा दिँदा अपनाउनुपर्ने विधी लगायतको व्यवस्था रहेको देखियो। निर्देशिकाको व्यवस्था भएतापनि पालिकाले लेखापरीक्षण अबधिसम्म भाडा सम्बन्धमा निर्णय नगरेको तथा आय आर्जनको उपकरणको रुपमा परिचालन गरेको देखिएन। संचालन मर्मत लगायतको व्ययभार पर्ने देखिएकोले आय आर्जनमा उपयोग गर्नुपर्ने देखिन्छ ।

५२ **आवधिक विकास योजना निर्माण** (२६४-2082-03-23):

पालिकाले आर्थिक वर्ष २०८२।०८३ देखि २०८६।०८७ को आवधिक विकास योजना निर्माणको लागि रु ९,९९,४६१/- को लागत अनुमान तयार गरी रु ९,७५,५२९/- मा अलाना इन्टरनेशनल सर्भिसेज थापागाँउ काठमाडौसँग लागत अनुमान अनुसार नै सौझै खरिद गरि कार्य गराएको देखियो ।कार्यशर्त स्वीकृत गरी परामर्श सेवा माग गर्ने सम्बन्धी टिप्पणीमा परामर्श को लागी प्रदेश सुशासन केन्द्र बाँकेवाट वजेट प्राप्त हुने उल्लेख भएकोमा सो अनुरुप प्राप्त नभएको देखियो ।

• परामर्शदातावाट कार्य गराउने निर्णय गर्दा पालिकावाट तर्जुमा हुन नसकी परामर्शदाता नियुक्ति गर्नुपर्नाको कारण उल्लेख नभएको, लागत अनुमानको आधार समेत उल्लेख गरेको देखिएन ।

• परामर्शदातालाइ योजना तर्जुमा कार्य सम्बन्धी सम्झौता उपलब्ध गराइएकोमा बुँदा नं ८ मा मस्यौदा उपर छलफल सहित अन्तिम प्रतिबेदन तयार गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयको मस्यौदाउपरको धारणा तथा प्रतिक्रिया संलग्न नभएको तथा मस्यौदा अनुसार नै अन्तिम प्रतिबेदन पेश गरेको देखियो ।

• उक्त कार्यको लागि पालिकाले मिति २०८२।०१।१९ मा खरिद सम्झौता गरेकोमा मिति २०८२।०३।२३ मा मात्र अन्तिम प्रतिबेदन

पेश भएको देखियो । पालिकाले आर्थिक वर्ष २०८२।०८३ को वजेट मिति २०८२।०३।१० गते पेश गरेको देखिएकोमा बजेट तथा कार्यक्रमको आधारको रुपमा रहने आवधिक योजनाको व्यहोराहरु आर्थिक वर्ष २०८२।०८३ को वजेट तथा कार्यक्रममा समावेश हुन आएको देखिएन। तसर्थ यस आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट समेतको आधारको रुपमा रहेको देखिएको आवधिक योजनाको व्यवस्थाहरु वजेटले समावेश गर्न सकेको देखिएन। आव २०८२।०८३ को वजेट तथा कार्यक्रममा योजनाको सम्वोधन भएको नदेखिएकोले सार्वजनिक श्रोतसाधनको उपयोग गर्दा जिम्मेवार पदाधिकारीले आवश्यकता तथा औचित्यता समेत विश्लेषण गरेर मात्र खर्च गर्नुपर्नेमा ध्यान दिनुपर्ने देखिन्छ ।

५३ **२९६।०८२।०३।२५ झोकेदी किटेनी रानीवास मोटरवाटो (ठेनं ०८१।०८२-०४)**

५३.१ प्रदेश समपुरक कार्यक्रम अन्तर्गत यस निर्माण कार्यको लागि रु १,०३,३४,२६३/- को लागत अनुमान तयार गरी एज्मी मायरा कन्सट्रक्सन प्रालिसँग रु ५९,१५,७९७ मा मिति २०८१।१०।२९ मा सम्झौता भएकोमा २०८२।०३।२० सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

५३.२ न्युन प्रगति:- निर्माण व्यवसायीले यस आर्थिक वर्षमा सुरु खरिद सम्झौताको अन्तिम मितिमा प्रथम रनिङ विल रु ३,१७,९५९/- को मात्र भुक्तानी लगेकोमा संलग्न विवरण अनुसार बित्तीय प्रगति ५.३ प्रतिशत मात्र रहेको देखिन्छ ।सम्झौतामा वर्क सेड्युल संलग्न भएको नदेखिएको तथा निर्माण व्यवसायीले समेत उक्त विवरण संलग्न गरेको देखिएन। निर्धारित अबधिमा न्युन कार्य गरेको देखियो ।यस सम्बन्धमा जिम्मेवार पक्षले ध्यान दिइ वर्क सेड्युल समेत पेश गर्न लगाई समयमै कार्य सम्पन्न गर्नुपर्ने देखियो ।

५३.३ म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु ब्यवस्था छ ।साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने व्यवस्था छ।निर्धारित अबधिमा कार्य सम्पन्न हुने नदेखिएको उल्लेख गर्दै कार्यालयले ८ पटक ताकेता पत्र लेखेको देखियो ।सो पश्चात निर्माण व्यवसायीले खरिद सम्पन्न गर्नुपर्ने अन्तिम मितिमा मात्र प्रथम रनिङ विलको लागि निवेदन पेश गरेको छ।निर्माण व्यवसायीले मिति २०८२।०२।०३ मा म्याद थपको निबेदन दिएको देखिएकोमा २०८२।०३।०९ को निर्णयअनुसार मिति २०८२।०६।२० सम्म म्याद थप गरेको देखियो । म्याद थप गर्दा पर्याप्त पुष्टयाइ तथा सम्बन्धित प्राविधिकको सिफारिस संलग्न नभएकोले म्याद थप नियमसम्मत देखिदैँन। निर्माण व्यवसायीलाइ निर्माण कार्य समयमा सम्पन्न नभएको कारण पटकपटक ताकेता गरेकोमा म्याद थप गर्दा कारण समेत उल्लेख नभएकोले आवश्यकता समेत बिश्लेशण गरेर मात्र म्याद थप गर्नुपर्ने देखिन्छ।

५३.४ प्रदेश सरकामा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२२** को निर्णयले रू **१५८,९७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५४ **प्रदेश पुर्जीँगत झेस्काङ -सिद्धथान -वोरङ्से मोटरबाटो स्तरोन्नती बडा नं ३ (sq-081/082-06)**

यस निर्माण कार्यको लागि रु ९,३७,५९४/- को लागत अनुमान तयार गरी निर्माण व्यवसायी आमा इन्जिनियरिङ कन्स्ट्रक्शनसँग रु ७२१,००७/- मा मिति २०८२।०३।०३ मा खरिद सम्झौता भएकोमा सम्झौता मिति अनुसार २०८२।०३।२० सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको

काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु ब्यवस्था छ ।साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा सुरु खरिद सम्झौताको प्रथम रनिङ विलवापत रु २,९१,६५७/- को मात्र कार्य भएको देखियो । कार्यसम्पन्न अबधिसम्म निर्माण कार्यको बित्तीय प्रगति ४०.४५ प्रतिशत मात्र रहेको देखिन्छ ।सम्झौतामा वर्क सेड्युल संलग्न भएको नदेखिएको तथा निर्माण व्यवसायीले समेत उक्त विवरण संलग्न गरेको देखिएन। म्याद थप भइ सम्पन्न गर्ने अबिध कार्यपालिकाको मिति २०८२।०३।०९ को निर्णयअनुसार २०८२।०६।२० कायम गरेकोमा म्याद थपका वखत पर्याप्त प्राबिधिक पुष्ट्याइ संलग्न गरेको देखिएन। यस सम्बन्धमा जिम्मेवार पक्षले ध्यान दिइ वर्क सेड्युल समेत पेश गर्न लगाइ समयमै कार्य सम्पन्न गर्नुपर्ने देखियो ।

५५ **एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम:**

यस कार्यको लागि अर्जुन डि. एन. डि जेभीसँग मिति २०८०।११।२० मा सम्झौता मितिले ३० महिनाको अवधिसम्म निर्माण कार्य सम्पन्न गर्नेगरी रु १६,३७,८९,९८१/- मा खरिद सम्झौता गरेको छ ।

•निर्माण व्यवसायीले यस आर्थिक वर्षमा प्रथम रनिङ विल वापत रु ३,१८,९४,०७३/- को मात्र भुक्तानी भएको र सुरु खरिद सम्झौताको १७ महिना अर्थात ५६ प्रतिशत समयाबधिमा १९.४१ प्रतिशत मात्र कार्य पुरा गरेको देखियो । सम्झौतामा वर्क सेड्युल संलग्न भएको नदेखिएको तथा निर्माण व्यवसायीले समेत उक्त विवरण संलग्न गरेको देखिएन। म्याद थपको तुलनामा न्युन प्रगति भएको देखियो ।यस सम्बन्धमा जिम्मेवार पक्षले ध्यान दिइ वर्क सेड्युल समेत पेश गर्न लगाइ समयमै कार्य सम्पन्न गर्नुपर्ने देखियो ।

५६ **एम्बुलेन्स संचालन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(झ) बमोजिम आधारभुत स्वास्थ्य सेवाको अधिकार क्षेत्र गाँउपालिकामा रहेको छ । आधारभुत स्वास्थ्य सेवाको लागि पालिकामा भएको ३ वटा एम्बुलेन्सको मर्मत सम्भारको लागि रू.५,०१,०१६/- भुक्तानी भएको तर एम्बुलेन्स संचालन वापत भएको आय तथा व्ययको रकम सम्बन्धी विवरण पालिकाले राखेको देखिएन । तसर्थ पालिकाले आफ्नो मातहत भएको एम्बुलेन्सको आय व्यय रकम एकिन गरी सो को विवरण तयार गर्नुपर्दछ ।

५७ **कृषि तथा पशु बस्तु बजारीकरण र ब्रान्डिङ**

पालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समाबेश गरी कृषि तथा पशु बस्तुहरुको बजारीकरण र ब्रान्डिङको लागि रू.६ लाख बजेट विनियोजन भएको छ । सो वापत रू.५ लाख ९९ हजार भुक्तानी खर्च लेखेकोमा कृषकहरुको कृषि तथा पशुजन्य सामाग्री संकलन गरी बजार सम्म पुर्याए वापत गाडी भाडा वापत भुक्तानी दिइएको छ ।गाडी भाडा वापत प्रत्येक दिनको रू.४०००/- को दरले दिने गरी सम्झौता भएको देखिन्छ ।सामाग्री ढुवानी तथा सवारी साधन उपयोग सम्बन्धमा प्रतिबेदन व्यवस्थित राख्नुपर्ने देखिन्छ।

५८ **मसलन्द खरिदमा प्याकेज तयार नगरेको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैँन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिबलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले रू.१३,९८,५८७/- मूल्य बराबरको विभिन्न मालसामान खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ । बार्षिक खरिद योजना तयार गरी सम्भावित प्याकेज समेतमा ध्यान दिइ खरिद गर्नुपर्ने देखिन्छ। केही उदाहरणहरु निम्न छन् ।

| गो.भौ.नं/मिति | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| २९४।२०८१।११।२० | कार्यालय सामाग्री | हिमाली सप्लायर्स | ९९८५८ |
| ३४१।२०८१।१२।१२ | मसलन्द सामाग्री खरिद | हिमाली सप्लायर्स | ११९००१ |
| ४७३।२०८२।०२।०६ | मसलन्द तथा कार्यालय सामाग्री | हिमाली सप्लायर्स | ९७०६७ |
| ५७०।२०८२।०३।०५ | मसलन्द सामाग्री खरिद | केयर आ टि सोलुसन | २४८९०८ |
| ५७९।२०८२।०३।०६ | मसलन्द सामाग्री खरिद | हिमाली सप्लायर्स | ९९६२० |
| ६३८।२०८२।०३।१६ | अन्य कार्यालय संचालन सामाग्री भुक्तानी (कम्प्युटर जन्य सामाग्री) | साझा कम्प्युटर सेन्टर | १४४२९५ |
| ६४१।२०८२।०३।१६ | छपाई तथा मसलन्द सामाग्री खरिद<br>(बजेट, योजना, बजार अनुगमन तथा लेटर प्याड) | स्वस्तिक अफसेट प्रेस एण्ड स्टेशनरी | २४०६०० |
| ६४३।२०८२।०३।१६ | कार्यालयको मसलन्द सामाग्री खरिद | शुभ पाण्डे स्टेशनरी | १५३०९४ |
| ६४४।२०८२।०३।१६ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | हिमाली सप्लायर्स | ९९५८६ |
| ७३७।२०८२।०३।२४ | मसलन्द तथा कार्यालय सामाग्री | न्यू मनकामना प्रेस | ९६५५८ |
| **जम्मा** | | | **१३९८५८७** |

५९ **क्याम्पसलाई अनुदान** (६३७-2082-03-16):

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज)मा स्थानीय तहले आधारभूत र माध्यमिक विद्यालयको शिक्षा क्षेत्रमा मात्र कार्य गर्न सक्ने उल्लेख छ ।गाँउ कार्यपालिकाको २०८२।०१।०४ को बैठक बमोजिम रम्भा बहुमुखी क्याम्पसलाई क्याम्पस शिक्षण अनुदान शिर्षकमा रू. ६५००००/- भुक्तानी गरेको देखियो । पालिकाले उक्त अनुदान रकम भुक्तानी गर्न मिल्ने नदेखिएकोले नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ६,५०,००० |
|---|---|

६० **सशर्तबाट करार सेवाको तलब भुक्तानी** (४-2081-06-13):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२२** को निर्णयले रू **५३,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६१ **भुक्तानीमा कर कट्टी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२२** को निर्णयले रू **८०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२२** को निर्णयले रू **४,१०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२२** को निर्णयले रू **५,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२२** को निर्णयले रू **३,३४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२२** को निर्णयले रू **९१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६२ **शिक्षक दरबन्दी तथा पदपूर्ति र विद्यार्थी संख्या**

स्थानीय तह अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ति भइ नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत रहेका ३६ वटा विद्यायलहरुको शिक्षक दरबन्दी तथा पदपूर्ति र विद्यार्थी संख्याको विवरण देहायबमोजिम रहेको छ ।

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | शिक्षक पदपूर्ति | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | जनकल्याण मावि रम्भा १ | ३८७ | २५ | १:१५ |
| २ | कृष्णगण्डकी मावि रम्भा १ | २२९ | १३ | १:१८ |
| ३ | जनप्रिय आवि रम्भा १ | १०६ | ५ | १:२१ |
| ४ | जनज्योति प्रावि रम्भा १ | १० | ० | EcD |
| ५ | मजुवा प्रावि रम्भा १ | ७८ | ५ | १:१६ |
| ६ | अरनिको प्रावि रम्भा १ | २६ | २ | १:१३ |
| ७ | भृकुटी प्रावि रम्भा १ | २९ | २ | १:१५ |
| ८ | साँनाहुगी मावि रम्भा २ | १५९ | १५ | १:११ |
| ९ | महेन्द्र आवि रम्भा २ | ६३ | ५ | १:१३ |
| १० | माइस्थान प्रावि रम्भा २ | ४९ | ३ | १:१६ |
| ११ | भवानी प्रावि रम्भा २ | ३४ | ३ | १:११ |
| १२ | मंगलादेवी प्रावि रम्भा २ | ३६ | ३ | १:१२ |
| १३ | चण्डेश्वरी प्रावि रम्भा २ | ६ | १ | १:६ |
| १४ | कृष्ण मावि रम्भा ३ | २२७ | १५ | १:१५ |
| १५ | अमृत पब्लिक मावि रम्भा ३ | १६० | १५ | १:११ |
| १६ | रविकिरण मावि रम्भा ३ | ११९ | १२ | १:१० |
| १७ | रकमादेवी आवि रम्भा ३ | ८० | ७ | १:११ |
| १८ | निशानादेवी आवि रम्भा ३ | ४१ | ६ | १:७ |
| १९ | नवदुर्गा आवि रम्भा ३ | ४६ | ६ | १:८ |
| २० | कालिका प्रावि रम्भा ३ | २५ | ३ | १:८ |
| २१ | जनहित भगवती मावि रम्भा ४ | १०२ | १२ | १:९ |
| २२ | अमर आवि रम्भा ४ | ५७ | ६ | १:१० |
| २३ | नवकिरण प्रावि रम्भा ४ | ३ | ० | EcD |
| २४ | चण्डेश्वरी प्रावि रम्भा ४ | ८ | १ | १:८ |
| २५ | शान्ति प्रावि रम्भा ४ | २१ | ३ | १:७ |
| २६ | नवज्योति प्रावि रम्भा ४ | १५ | २ | १:८ |
| २७ | जनप्रिय प्रावि रम्भा ४ | ८ | २ | १:४ |
| २८ | रम्भा मावि रम्भा ५ | ३१७ | १९ | १:१७ |
| २९ | प्राकृतिक आवि रम्भा ५ | ९३ | ७ | १:१३ |
| ३० | जनजागृति प्रावि रम्भा ५ | २८ | ३ | १:९ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | जनता प्रावि रम्भा ५ | २४ | ३ | १:८ |
| ३२ | पशुपति प्रावि रम्भा ५ | २१ | ३ | १:७ |
| ३३ | सुर्योदय प्रावि रम्भा ५ | ७ | २ | १:४ |
| ३४ | सगरमाथा प्रावि रम्भा ५ | २० | ३ | १:७ |
| ३५ | चण्डेश्वरी प्रावि रम्भा ५ | २२ | ३ | १:७ |
| ३६ | कालीगण्डकी गुरुकुलम् रम्भा १ | ३८ | १ | १:३८ |
| जम्मा | | २६९४ | २१६ | १:१२ |

पालिकाबाट प्राप्त विद्यालयका शिक्षक पदपूर्ति र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा ३६ विद्यालयमा २१६ शिक्षक रहदा जम्मा विद्यार्थी २६९४ रहेका छन् । शिक्षक विद्यार्थी अनुपात अधिकतम ३८ देखि ४ प्रतिशत सम्म रहेको देखियो । पालिकागत शिक्षक विद्यार्थी अनुपात १:१२ रहेको छ ।साथै नेपाल सरकारको मापदण्ड बमोजिम पहाडी जिल्लामा शिक्षक विद्यार्थी अनुपात ४५ हुनुपर्नेमा नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयमा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन दरबन्दी मिलान तथा पुनर्वितरण गरिनुपर्छ ।

६३ **दिवा खाजा**

पालिकाले बालविकास देखि ५ कक्षा सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु.१५ का दरले दिवा खाजा वापत औषत १५३।५८ दिनको १४०५ विद्यार्थीलाई २१५७९० हाजिरी दिनको लागि तपशिल बमोजिम रु.३२,३६,८६३/-अनुदान उपलब्ध गराएको छ। पालिका भित्र रहेका ३६ वटा विद्यालयहरुमा दिवा खाजा उपलब्ध गराएकोमा देखिएका व्यहोरा निम्न छन :-

| गो. भौ .नं र मिति | चौमासिक | दिवा खाजा रकम रु |
|---|---|---|
| ६४-२०८१।१०।२३ | पहिलो | ७५३८०८ |
| ६४-२०८१।१०।२३ | दोस्रो | ९०२१७५ |
| १५२-२०८२।०२।१९ | तेस्रो | ७५१९५५ |
| २०३-२०८२।०३।१३ | चौथो | ८२८९२५ |
| **जम्मा** | | **३२३६८६३** |

(क) कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि संघीय सरकारबाट ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरित गर्दा राष्ट्रियस्तरमा देखिने अनुपस्थिति दर, विद्यालय छाडने दर लगायतलाई आधार मानी औसतरूपमा प्रति विद्यार्थी वार्षिकरूपमा १८० दिनका दरले उपलब्ध भएसम्म स्थानीय उत्पादन समेतमा आधारित दिवा खाजा व्यवस्थापनका लागि सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि रकम दिने व्यवस्था गरिएको छ । दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गर्ने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकारी/साना कृषक समुहबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र बिलभरपाई सुरक्षितरूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने, विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने लगायतका व्यवस्था भएकोमा सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा पालिकामा उल्लेखित कार्य भएको देखिएन।पालिकाले सो सम्वन्धमा समेत ध्यान दिनुपर्ने देखिन्छ।

(ख) पालिकाबाट दिवा खाजा कार्यक्रम:- पालिकाले आ व २०८१।०८२ मा कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.७.११.१ मा शैक्षिक व्यवस्थापन सूचना प्रणाली EMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी संख्याका लागि प्रति विद्यार्थी रु.१५ का दरले औसतरूपमा प्रति विद्यार्थी वार्षिकरूपमा १८० दिनका लागि दिवा खाजा दिने व्यवस्था भएकोमा पालिकाले चालु आ.व. मा जम्मा विद्यालय सञ्चालन भएको दिनमा उपस्थित विद्यार्थी संख्यालाई गाउँपालिका चालु शिर्षकबाट कक्षा ६ देखी ९ सम्म प्रति विद्यार्थी रु.२०।-को दरले १५ विद्यालयलाई रु. २६,५१,४३९।-निकासा गरेको छ ।दिवा खाजाका लागि संघीय सरकारबाट ससर्त अनुदानका रूपमा निकासा भएको रकमको पूर्ण रुपमा सही सदुपयोग भए नभएको सम्वन्धमा पालिकाले यकिन गरेर मात्र पुनः निकासा दिनुपर्दछ ।

६४ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

कार्यक्रम कार्यान्वयन कार्यविधि अन्तर्गत पालिकाले शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापनमा ध्यान दिनुपर्ने उल्लेख छ । सो अन्तर्गत देखिएका बेहोराहरु देहाय अनुसार रहेका छन:-

(क)सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर: कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

(ख) निजी विद्यालय व्यवस्थापन: राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

(ग) बिद्यालयहरुको लेखापरीक्षण: कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । पालिका अन्तर्गत ३६ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण नगराएको जानकारी प्राप्त भएको छ । अतः कार्यालयबाट अनुदान रकम भुक्तानी हुने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

(घ) अनुगमन: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा बैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।यस सम्बन्धमा शिक्षा शाखाले अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ।पालिकाले अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

६५ **व्यक्तिको नाममा भुक्तानी**

नेपाल सरकार वजेट कार्यान्वियन सम्वन्धी मार्गदर्शन २०८१।०८२ को बुँदा नं ५७ अनुसार तलब, भत्ता, औषधी उपचार, उपदान, सचित विदां र सामाजिक सुरक्षा भत्ता लगायतका सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खातामा विद्युतीय प्रणालीमार्फत भुक्तानी (EFT) गर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले कामसँग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्तिको नाममा सिधै बैंक खातामा भुक्तानी हुनु पर्नेमा सो नगरी व्यक्ति तथा कर्मचारीहरुको नाममा एकमुष्ट भुक्तानी खर्च लेखी विल भरपाई पेश भएको छ । यसवाट आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नहुने तथा नियमकानुनको परिपालना समेत नहुने देखिन्छ। तसर्थ नियमानुसार कारोवार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखियो ।केही उदाहरणहरु:-

| भौ नं. मिति | कार्यक्रम | भुक्तानी लिने | रकम रु |
|---|---|---|---|
| २४४-२०८२।०३।२० | रोजगार सेवा केन्द्रका लागि मसलन्द खर्च | रविन्द्र गौतम | ७०८७६ |
| २३७-२०८२।०३।१८ | रोजगारमा खटिनुपूर्वको अभिमुखिकरण कर्यक्रम | रविन महर्जन | ४८८९० |

६६ **सेनेटरी प्याड** (136-2082-01-28):

पालिकाले यस वर्ष सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनेटरी प्याड व्यवस्थापनको लागि ९८९९ प्याकेट खरिद वापत लागि सिम्मा सर्भिसेस प्रा.लिलाई रू.८,८३,६८३/- भुक्तानी खर्च लेखेको छ । सो सम्बन्धी देखिएको व्यहोरा निम्न छन्:-

क)सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले २०८२ बैशाखमा रू.८८३६८३/- को खरिद गरेकोमा पालिकामा ७२० प्याकेट मौज्दात रहेको र बाँकी ९१७९ प्याकेट विद्यालयलाई वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।

ख)पालिकाले नियमावली तथा कार्यक्रम कार्यान्वयन कार्यविधिको व्यवस्था अनुसार लागत अनुमान तयार गरी गुणस्तर सहितको सेनीटरी प्याड विद्यार्थीहरुलाई उपलव्ध गराउनुपर्ने देखिन्छ । तर पालिकाले खरिद गरेको उल्लेखित ९८९९ सेनिटरी प्याड जिन्सी खातामा दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच गरेको नखुलाएकोले गुणस्तरीयताको सम्बन्धमा यकिन गर्न सकिएन साथै विद्यालयमा गुणस्तर कायम राख्ने गरी विद्यालयले प्याड व्यवस्थापन गर्न सक्ने नसक्नेमा आश्वस्त हुन सकिएन । अतः पालिकाले लक्षितवर्गलाई गुणस्तरीय सुविधा उपभोग गर्नेगरी खरिद तथा व्यवस्थापन गर्नुपर्दछ ।

ग)सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १४ मा स्थानीय तहस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति प्रत्येक स्थानीय तहका सामुदायिक विद्यालयका छात्राहरुको लागि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यमा आवश्यकतानुसार समन्वय, सहजीकरण र अनुगमन गर्न स्थानीय तहको उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा एक स्थानीय तहस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति रहने ब्यवस्था रहेकोमा पालिकामा सो समिति गठन भएको देखिएन। पालिकाले समिति गठन गरी सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

ग) कार्यविधिको दफा १६ मा सामुदायिक विद्यालयमा सेनिटरी प्याडको प्राप्ति, सुरक्षित भण्डारण, वितरण, सदुपयोग तथा किशोरी स्वास्थ्य र प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनाका लागि विद्यालयस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यबस्था भएकोमा सो समिति गठन भएको पाइएन। पालिकाले विद्यालयमा सेनिटरी प्याडको प्राप्ति, सुरक्षित भण्डारण, वितरण, सदुपयोगका लागि समिति गठन गर्नुका साथै दफा २१ मा यस कार्यक्रमको कार्यान्वियनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा

चौमासिक रुपमा विद्यालयले स्थानीय तहमा र स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालय र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था भएकोमा उक्त कार्य गरेको पाइएन।सम्बन्धितले तालुक निकायमा प्रगति विवरण पेश गर्नुपर्दछ।

६७ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन कार्यविधि को क्रियाकलाप नं. २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुद्दृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ। कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई निम्न रकम निकासा भएको देखिन्छ।पालिकाले निकासा भएको रकमको सही सदुपयोग भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकाबाट नियमित रुपमा अनुगमन गरी अनुदानको सही सदुपयोग भए नभएको सुनिश्चित गर्नुपर्दछ।

| गो भौ नं मिति | विद्यालयको नाम | खर्च प्रयोजन | रकम |
|---|---|---|---|
| २१०-२०८२।०३।१३ | रम्भा नमुना मा.वि. | रम्भा नमुना मा.वि.को फर्निचर खर्च | १९९३२८ |
| १६९-२०८२।०३।०४ | अमृत पब्लिक माध्यमिक विद्यालय | अमृत पब्लिक मा.वि लाइ पुस्तकालय व्यवस्थापन र फर्निचरको रकम | ६५०००० |
| १६०-२०८२।०२।२६ | रम्भा नमुना मा.वि. | ल्यापटप खरिद | ४९२६८० |

६८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

६८.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा गोरेटो बाटो मर्मत, पदमार्ग तथा नाली व्यवस्थापन, मोटरबाटो कुलो निर्माण योजना लगायतका कार्यक्रम सञ्चालनको लागि रु.६९,१६,०००।-वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ६३ जनालाई बढीमा १०० दिन र कम्तिमा ६५ दिन गरी औषतमा ९६ दिनको श्रमिक ज्यालामा रु.४०,४४,०७२/-र प्रशासनिकमा रु.२०,३६,४४३।-गरी जम्मा रु.६,०८,०,५१५।-खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकी वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राही परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । यसमा सुधार हुनुपर्दछ ।

निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको

कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधार हुनुपर्दछ ।

६८.२ रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्वेश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६९ **पकेट विकास कार्यक्रम** (238-2082-03-18):

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना¸ परियोजना कार्यान्वियन म्यानुअल¸ २०७७ को परिच्छेद-४ को ४.१.४ मा पकेट विकास कार्यक्रममा सहभागी हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूची ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ ।पालिकालाई आ.व.२०८१।८२ मा नयाँ तरकारी पकेट विकास कार्यक्रमका लागि रु १२,००,०००।-वजेट विनियोजन भएको पाईयो । पालिकाले सम्झौताको लागि कृषकहरूलाई सूचना आव्हान गरेकोमा एक कृषि सहकारी संस्था लि. लाई रकम निकासा दिएको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन।

क) पालिकाले अँगाहाखोला साहारा कृषि सहकारी संस्था लिमिटेडलाई सम्झौता वमोजिमको कार्य सम्पन्न गरेको जनाई पेश गरेको कागजात अनुसार बाट रु.१,१५४,५५६।- भुक्तानी दिएकोमा सहकारीको लागत साझेदारी थप रु ५,९१,८४९/- रहेको छ। सहकारीले विभिन्न सामाग्रीहरू खरीद गरेको जनाई रु ८४५७८१/- को विल भरपाई समेत पेश गरेको छ ।तर सो समुहले विभिन्न उपकरणहरू वितरण गरेकोमा प्रस्तावनामा तथा वितरण कार्य गर्दा सो खरीद सामाग्री क-कसलाई आगामी बर्षको निरन्तरता बजेटबाट दिने हो सो सम्वन्धमा निर्णय गरेको छैन।पालिकाले आगामी आर्थिक वर्षको निरन्तरतामा यो बर्ष सामाग्री दिएकालाई दोहोरो नपर्ने गरी सामाग्री वितरण गर्नुको साथै अनुदान रकमको सही सदुपयोग र समुह भित्रको पारदर्शिता सम्वन्धमा समेत अनुगमन गरी अनुदानमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्दछ।

ख) शसर्त अनुदान अन्तर्गत प्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत पालिकाले कृषि पकेट विकास कार्यक्रम सञ्चालन गरेको छ । पकेट विकास कार्यक्रम अन्तर्गत अनुदान प्राप्त कृषक वा कृषक समूह छनौट गर्दा इच्छुक सबैले समान सहभागिताको अवसर प्राप्त गरे नगरेको सम्बन्धमा पालिकाले अध्ययन बिश्लेषण र मूल्यांकन गरेको देखिएन । साथै यस्तो अनुदान प्राप्त गर्नेको पालिकाबाट नाम सार्वजनिक गर्नुपर्नेमा सो समेत गरेको अवस्था छैन । यसरी पालिका शसर्त अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन। साथै स्थानीय तहबाट अनुदान प्राप्त गर्ने कृषकको नाम नामेसी सहितको अभिलेख अध्याविधक गरी एउटै समूह, संस्था वा व्यक्तिले पटक पटक अनुदान प्राप्त गर्ने अवस्था नहुने गरि कार्य गर्नुपर्ने देखिन्छ ।

ग) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वियन म्यानुअल¸ २०७७ को अनुसूची-१३ र राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी जिल्लास्थित परियोजना कार्यान्वियन एकाइमा पेश गर्नुपर्ने त्यस्तै स्थानीय तहले अनुसूची-७ बमोजिमको ढाँचामा पकेटको प्रोफाईल तयार तथा अद्यावधिक गरी जिल्लास्थित परियोजना कार्यान्वियन एकाइमा पेश गर्नु पर्ने व्यबस्था

रहेकोमा सो नगरेको पाइएकोले राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा प्रगति प्रतिवेदन र पकेटको प्रोफाईल तयार तथा अद्यावधिक गरी जिल्लास्थित परियोजना कार्यान्वयन इकाईमा पेश गर्नुपर्दछ।

७०	**कृषि अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत रु. ४९,२६,४११/- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकीकरण गर्नु गराउनुका साथै अनुदान रकमको सदुपयोग भए नभएको नियमित अनुगमन गर्नुपर्दछ । केहि उदाहरणहरु:-

| गो भौ नं मिति | कार्यक्रम | खर्च रकम रू. |
|---|---|---|
| २७५-२०८२।०३।२५ | सिताके च्याउ उत्पादन( कृषकको २०% लागत साझेदारी) | ४८६८७४ |
| २५०-२०८२।०३।२१ | धानको विउ वितरण कार्यक्रम( कृषकको २०% लागत साझेदारी) | ७१५८३२ |
| २४५-२०८२।०३।२० | कृषि औजार खरिद (कृषकको लागत साझेदारी ५०%) | २४६७५० |
| २४७-२०८२।०३।२१ | जैविक मल तयारी (कृषकको लागत साझेदारी २०%) | १२२१२८ |
| २४९-२०८२।०३।२१ | अदुवा बेसार प्रवर्द्धन कार्यक्रम(कृषकको लागत साझेदारी २०%) | १०३६०० |
| २२४-२०८२।०३।१६ | कोदो प्रवर्द्धनको विउ खरिद कृषकको लागत साझेदारी २०%) | ६०३३० |
| २०२-२०८२।०३।१२ | मकैको बिउ वितरण | ४२००० |
| १५७-२०८२।०२।२२ | मौरी प्रवर्द्धन(कृषकको लागत साझेदारी २०%) | ६७३२०० |
| १५८-२०८२।०२।२६ | मौरी गोला तथा घार वितरण(कृषकको लागत साझेदारी २०%) | २३९७६० |
| १३५-२०८२।०१।२८ | मौरि गोला र खाली घारको रकम मणि मौरीपालन विकास श्रोत केन्द्र(कृषकको लागत साझेदारी २०%) | २८०४३२ |
|  | अदुवाको विउ जल्पादेवी ख कृषि तथा पशुपालक समूह,रम्भा-४ | १०४००० |
|  | कोदोको विउहाते ट्र्याक्टर रानिबास मकै विउ उत्पादन कृषक समुहरम्भा-२ | ८५५०० |
|  | मल,ब्रसकटर,ई.म,भेली,श्रमज्याला श्री सँगाहा कृषक समूह | ११९५००.५ |
|  | मकैको विउ,हाते ट्र्याक्टर,कम्बाईन मिल श्री कालीनागेश्वरी कृषक समूह,श्री समाजशान्ति कृषक समूह,श्री फुरुङ्दि कृषक समूह | १८७५०० |
| जम्मा |  | ४९२६४११ |

## ७१ औषधी खरिद

७१.१ पालिकाले यस आ.ब मा आधारभुत र आकस्मिक स्वास्थ्य सेवाको लागि ११८ प्रकारको औषधी तथा सर्जिकल आईटमको लागि रू.२३,९०,५७०/९० (शशर्त तर्फको रू.१०९३००० र पालिका तर्फको रू.१३,००,०००/-) को लागत अनुमान तयार गरी समुन्द्र मेडिको सप्लायर्सलाई रू.६,०६,१८१/०२ र सोही दररेटमा पुन खरिद गरी रानीमहल मेडिको सप्लायर्सलाई रू.१६,९३,९७७/- भुक्तानी खर्च लेखेको छ । सो सम्बन्धमा देखिएको व्यहोरा निम्न छन् :-

७१.२ लागत अनुमानको तयारी: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय जस्तै जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही

प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयारी गर्दा विभिन्न ३ वटा आपूर्तिकर्ताबाट दररेट लिई सो दरबाट औसत निकाली कायम हुन आउने दररेटको आधारमा रू. २३,९०,५७०/९ को लागत अनुमान तयार गरेको पाइयो । लागत अनुमानको आधारका रुपमा दररेट लिइएका आपुर्तिकर्ताहरु आधिकारीक विक्रेता भए नभएको सम्बन्धमा कार्यालयले यकिन गरेको देखिएन। यसरी स्पष्ट आधारवेगर लागत अनुमानको तयारी गर्दा मितव्ययी र प्रतिस्पर्धी नहुन सक्ने देखिन्छ । यस्तै प्रकृतिको सामान खरिद गर्ने निकायहरुको लागत अनुमानको दररेट निर्धारण प्रकृया, बजारको वास्तविक दर तथा गुणस्तर समेत विश्लेषण गरी लागत अनुमान तयार हुनुपर्दछ ।

७१.३ Post Delivery Inspection report:- पालिकाले ठेक्काबाट कायम भएको मूल्यमा भुक्तानी दिने गरी रानीमहल मेडिको सप्लायर्सवाट रू.१६,९३,९७७/- को औषधि खरिद गरेकोमा Inspection report मा औषधीको म्याद उल्लेख गरी प्रतिबेदन तयार गरेको देखिएन। उपभोग्य मिति कम्तीमा १८ महिना वा ७५% हुनुपर्ने मा सो अनुसारको सामान प्राप्त भए/नभएको सम्बन्धमा एकिन हुन सकिएन । तसर्थ पालिकाले औषधी आपूर्ति गरी अन्तिम बिल भुक्तानी गर्दा सम्झौता बमोजिम औषधी खरिद भए नभएको एकिन गरी मात्र भुक्तानी गर्नुपर्दछ ।

७१.४ औषधीको अवस्थाः पालिकाको ELMIS सिस्टममा लेखापरीक्षण अवधिसम्म रू.८२२३.९० बराबरको इन्जेक्सनको उपभोग्य मिति गुज्रिएको, परिवार नियोजनको साधन सहित Aspirin ७५mg, cotton, paracetamol, Hyoscine, CPM ४mg, Locartan २५mg लगायतका रू.१०,६७,५७४/- बराबरको औषधी जिन्सी शाखामा मौज्दात रहेको पाइयो । उपरोक्त औषधिहरु नियमानुसार व्यवस्थापन हुनुपर्दछ।

## ७२ निःशुल्क स्वास्थ्य विमा कार्यक्रमः

पालिकाले बार्षिक बजेट तथा कार्यक्रमा समाबेश गरी पालिकाभित्रका क र ख वर्गको अपाङ्गता भएको व्यक्तिको घर परिवारको लागि प्रति परिवार रू.३५००/-, कडा रोग(मृगौला, पक्षघात, क्यान्सर लगायतको घरपरिवार)भएकालाई प्रति परिवार रू.३५००/-, अति विपन्न घर परिवारलाई प्रति परिवार रू.३५००/- र महिला स्वास्थ्य स्वयंम सेविकालाई रू.१७५०/- को दरले विमा कार्यक्रम संचालन गर्ने कार्यक्रम रहेको छ । पालिकाले यस बर्ष पालिकाभित्रका अपाङ्ग, अति विपन्न, कडा रोगी तथा महिला स्वास्थ स्वयं सेविकाको परिवारलाई विमा वापत रू.१५,८२,०००/- भुक्तानी खर्च लेखेको छ । कार्यविधि तयार नगरी खर्च लेखेको भुक्तानी नियमसंगत देखिदैन । यस्तो प्रकारको खर्च लेख्दा आन्तरिक आय समेत विश्लेषण गर्नुपर्ने देखिन्छ ।

## ७३ नदीजन्य पदार्थको विक्री वितरण

पालिकाले नदी क्षेत्रवाट गिट्टी तथा वालुवाको संकलन तथा उत्खनन कार्यको लागी सिभिल वक्स इन्जिनियरीङ प्रालिबाट आव २०८०।०८१ मा तयार भएको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) को आधारमा नदीजन्य पदार्थको आय अमानतबाट संकलन गरेको देखियो। उक्त अध्ययन प्रतिबेदन अनुसार प्रतिदिन १०७ घनमिटर तथा वार्षिक १०,४८,८४५ घनमिटर उत्खनन गर्नमिल्ने तथा तथा उक्त कार्यवाट प्रतिवर्ष रु ६२,९३,०७३ मूल्य अभिबृद्धि कर वाहेक संकलन हुने उल्लेख छ। पालिकाले नदीजन्य पदार्थको विक्री वितरणवाट रु ३६,६७,१८०/- संकलन गरेको सुत्र प्रणालीवाट देखिएकोमा सो उपर देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छनः-

• परामर्शदातावाट पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदनको बुंदा न ३.५ संकलन उत्खनन र ढुवानी कार्य र विधि उल्लेख भएको उत्खनन् गर्दा एउटै ठाउँबाट ठुलो खाडल नवनाई उत्खनन् गर्ने, संकलन् कार्यमा हेभी मसिनेरिहरु जस्तै एक्साभेटरको प्रयोग विपदको समयमा कार्य बिधि बनाई गर्न लगाउने, बुंदा नं ३.६.१ मा यस प्रतिवेदनले तोकिएको स्थानवाट मात्र ढुङ्गा गिट्टी तथा बालुवाको संकलन् उत्खनन् गर्ने , खोला को धार परिवर्तन हुने गरि श्रोत संकलन् नगर्ने तथा खोला को पानीको सतहभन्दा गहिरो हुने गरि श्रोत. उत्खनन् नगर्ने लगायतको कुरा उल्लेख छ ।

• पालिकाले उक्त कार्यको लागि आयठेक्का सम्झौता गरेको देखिएन। कार्यपालिकाको मिति २०८१।०८।०४ को निर्णयअनुसार प्रदेश सरकारको आर्थिक ऐन अनुसार हेभी इक्युपमेन्ट प्रयोग नगरी निकासी हुने क्षेत्रको वाटोलाइ गाँउपालिकाले नै व्यवस्थापन गरी वातावरणीय परीक्षण पुरा भएका विभिन्न घाट तथा खोलाहरुमा अमानतवाट नदीजन्य पदार्थ निकासी गर्न निर्णय गरेको देखियो ।

• अमानतवाट कार्य भएकोमा केवल रसिद उपलव्ध गराई प्रतिटिप संकलन गरेको रकमको आधारमा राजस्व जम्मा गर्ने गरेको सम्बन्धित शाखाले जनाएकोमा प्रयोग भएको उत्खनन विधि, अनुगमन प्रतिबेदन, उत्खनन परिमाण लगायतको विवरण संलग्न गरेको देखिएन । जसवाट प्रतिवेदनले तोकिएको स्थानवाट तोकीएको परिमाण मात्र उत्खनन गरेको विश्वस्त हुने आधार देखिदैन। पालिकास्तरवाट यस कार्यको अनुगमन तथा जाँचपडताल गरेको प्रतिबेदन संलग्न भएको पाइएन । नियम कानुन तथा कार्यविधि परिपालना गरी वास्तविक निकासीको परिमाणमा ध्यान दिई पर्यावरणीय पक्षहरुलाई समेत ध्यानमा राखी कार्य गर्नुपर्ने देखिन्छ।

• उपभोक्ता समितिहरुवाट योजना भुक्तानीको क्रममा दहत्तर वहत्तर शुल्क संकलन गरेकोमा समितिहरुको लागि कति परिमाणमा निर्माण सामाग्री निकासा भयो सोको अभिलेख राखेको देखिएन। यस्तो प्रकारको कार्यको अनुगमन समेत भएको देखिंदैन।

७४ **सामाजिक सुरक्षा भत्ता**

७४.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-११** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७४.२ निस्कृय खाता: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुसुची १० मा स्थानीय तह र बैंकवीच हुने सम्झौतापत्रको सि.नं.९ मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर बैंकले निश्क्रिय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन । पालिकाले समयमै यस्ता निश्क्रिय खाता र सो खाताहरुमा रहेको रकमहरुको विवरण बैंक सँग माग गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

७४.३ लगत कट्टाको अभिलेख: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१/८२ मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरेको छैन ।पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : रम्भा गाउँपालिका, पाल्पा , रम्भा गाउँपालिका , पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | वीर बहादुर पुन | २०८१-०९-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पोष्टराज न्यौपाने | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २७४,८९० | १,४९९,००० | ५,०७९,८०६ | ० | ० | ३,१५०,९०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १०,००४,५९६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६८४,०५५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ९,३२०,५४१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६०८११५५१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ८१५७४६४० | चालु खर्च | ९६२४८२८४ |
| प्रदेश सरकारबाट अनुदान | ५८७६०००.० | पूँजीगत खर्च | ९६४६३०७९ |
| राजश्व बाँडफाँट | ८१५९१०१९ | वित्तीय/अन्य व्यवस्था | ४१०५६५४६० |
| आन्तरिक आय | ८१४९१७३.० | | |
| अन्य आय | ४०९५०७४९८ | | |
| कुल आय | ५८६६९८३३०.० | कुल खर्च | ६०३२७६८२३ |
| बाँकी मौज्दात | | ४४२३३०५८ | |

## अनुसूची - २

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ८,२६,४५,८८९.२३ | ० | ८,२६,४५,८८९.२३ | ७,५१,८५,२७३.१८ | ० | ७,५१,८५,२७३.१८ |
| १३००० | अनुदान | | ३०,५५,८९,७०९.५६ | ० | ३०,५५,८९,७०९.५६ | ३१,८७,४९,१९३.०२ | ० | ३१,८७,४९,१९३.०२ |
| १४००० | अन्य राजस्व | | ५७,३६,९९०.९५ | ० | ५७,३६,९९०.९५ | ५२,४०,७८२.४० | ० | ५२,४०,७८२.४० |
| १५००० | विविध प्राप्ति | | २१,६४,३०८.२० | ० | २१,६४,३०८.२० | १०,१६,६३३.५६ | ० | १०,१६,६३३.५६ |
| क | **कुल जम्मा प्राप्ति** | | ३९,६१,३६,८९७.९४ | | ३९,६१,३६,८९७.९४ | ४०,०१,९१,८८२.१६ | | ४०,०१,९१,८८२.१६ |
| ३ | चालु | | २९,६७,८२,३९७.३२ | ० | २९,६७,८२,३९७.३२ | २८,०९,००,३३३.४३ | ० | २८,०९,००,३३३.४३ |
| २१००० | पारिश्रमिक / सुविधा | | १२,३४,२९,२९३.७६ | ० | १२,३४,२९,२९३.७६ | २,२२,६०,२४६.१६ | ० | २,२२,६०,२४६.१६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ९,७९,८५,९५२.५६ | ० | ९,७९,८५,९५२.५६ | ४,५३,९०,४२८.२५ | ० | ४,५३,९०,४२८.२५ |
| २५००० | सहायता (Subsidy) | | ६,११,७६,६९४.०० | ० | ६,११,७६,६९४.०० | १,२८,८५,२२२.०० | ० | १,२८,८५,२२२.०० |
| २६००० | अनुदान | | ० | ० | ० | १९,२६,४७,५०८.०२ | ० | १९,२६,४७,५०८.०२ |
| २७००० | सामाजिक सुरक्षा | | १,२१,७१,८१६.०० | ० | १,२१,७१,८१६.०० | ६५,६९,६७९.०० | ० | ६५,६९,६७९.०० |
| २८००० | अन्य खर्च | | २०,१८,६४१.०० | ० | २०,१८,६४१.०० | ११,४७,२५०.०० | ० | ११,४७,२५०.०० |
| ४ | पूंजीगत | | ११,४९,०५,१०७.०० | ० | ११,४९,०५,१०७.०० | ११,१२,९५,३८१.०० | ० | ११,१२,९५,३८१.०० |
| ३१११० | भवन तथा संरचना | | १,५८,३८,१६३.०० | ० | १,५८,३८,१६३.०० | २,१७,७८,३७९.०० | ० | २,१७,७८,३७९.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ९७,९४,४८९.०० | ० | ९७,९४,४८९.०० | ३८,४९,०७७.०० | ० | ३८,४९,०७७.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ३१,८०,३३२.०० | ० | ३१,८०,३३२.०० | ४,१८,८०६.०० | ० | ४,१८,८०६.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ५,२३,६३,६९९.०० | ० | ५,२३,६३,६९९.०० | ८,३४,७४,७५४.०० | ० | ८,३४,७४,७५४.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ७,९२,४८१.०० | ० | ७,९२,४८१.०० | ० | ० | ० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ३,२९,३५,९४३.०० | ० | ३,२९,३५,९४३.०० | १७,७४,३६५.०० | ० | १७,७४,३६५.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख) | **कुल जम्मा भुक्तानी** | | ४१,१६,८७,५०४.३२ | | ४१,१६,८७,५०४.३२ | ३९,२१,९५,७१४.४३ | | ३९,२१,९५,७१४.४३ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (१,५५,५०,६०६.३८) | | (१,५५,५०,६०६.३८) | ७९,९६,१६७.७३ | | ७९,९६,१६७.७३ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | (१०,२७,८८६.३०) | | (१०,२७,८८६.३०) | (५५,३८,४६५.३२) | | (५५,३८,४६५.३२) |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | (१,६५,७८,४९२.६८) | | (१,६५,७८,४९२.६८) | २४,५७,७०२.४१ | | २४,५७,७०२.४१ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | ६,०८,११,५५०.६४ | | ६,०८,११,५५०.६४ | ५,८३,५३,८४८.२३ | | ५,८३,५३,८४८.२३ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ४,४२,३३,०५७.९६ | | ४,४२,३३,०५७.९६ | ६,०८,११,५५०.६४ | | ६,०८,११,५५०.६४ |

## बेरूजु दफा ४१ सँग सम्बन्धित विवरण - अनुसूची -४

| मिति | भौचर नं | योजनाको नाम | कार्य | बडान | भुक्तानी गर्नुपर्ने | भुक्तानी गरेको | वढी भुक्तानी दर | कार्य परिमाण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १२/२६/२०८१ | १०१ | गुहेखेत कुलो मर्मत योजना | stone massonery 1;3:6 | १ | ९२६३ | ९६५५ | ३९२ | १०.१२ | ३९६७ |
| १२/११/२०८१ | ७८ | मस्ल्याङखानेपानी मर्मत योजना | stone massonery 1;3:6 | १ | ९२६३ | ९६५५ | ३९२ | २.६५ | १०३९ |
| ११/२७/२०८१ | ६२ | वि कटोलबाट गाहा हुँदै ढोलीवारी जाने मो बा | stone massonery 1;3:6 | ३ | ९२६३ | ९६५५ | ३९२ | १८.६९ | ७३२६ |
| १२/११/२०८१ | ८१ | श्रीलश्मीनारायण धाम वाल निर्माण योजना | stone massonery 1;3:6 | १ | ९२६३ | ९६५५ | ३९२ | २७.५४ | १०७९६ |
| १२/११/२०८१ | ८० | संगाहासातमुरे झो.पु जाने बाटो निर्माण | stone massonery 1;3:6 | १ | ९२६३ | ९६५५ | ३९२ | १०.५३ | ४१२८ |
| १२/२६/२०८१ | ९८ | भञ्याङ्गथोक फोक्सिङकोट मोटरबाटो योजना | stone massonery 1;3:6 | २ | ९२६३ | ९७९२ | ५२९ | ४.११ | २१७४ |
| १२/२०/२०८१ | ९४ | सुरुम्डाडा किटेनी मो बा योजना | stone massonery 1;3:6 | २ | ९२६३ | ९७९२ | ५२९ | २२.६३ | ११९७१ |
| १०/२०/२०८१ | २९ | १ नं. वडासटाहा कुलो मर्मत | stone massonery 1;3:6 | १ | ९२६३ | ९६५५ | ३९२ | ३.२४ | १२७० |
| १०/०६/२०८१ | २५ | वडा मंगलादेवि प्रा.वि कम्पाउण्ड निर्माण | stone massonery 1;3:6 | २ | ९२६३ | ९७९२ | ५२९ | ५.२६ | २७८३ |
| १०/०६/२०८१ | २३ | संगाहा ठुलो कुलो ताथ साठी कुलो मर्मत उस | stone massonery 1;3:6 | १ | ९२६३ | ९६५५ | ३९२ | १६.२५ | ६३७० |
| ०९/२३/२०८१ | १७ | २ नं. वडाबोझा भञ्ज्याङ बोरङस् मो.बा | stone massonery 1;3:6 | २ | ९२६३ | ९७९२ | ५२९ | १२.२१ | ६४५९ |
| १०/२९/२०८१ | ३९ | २ नं. वडासुरुम्डाडा ग्याजडाडा घिचिन गुफा मो.बा.उ.स | stone massonery 1;3:6 | २ | ९२६३ | ९७९२ | ५२९ | १४.४४ | ७६३९ |
| १०/२९/२०८१ | ४४ | कटहरे खेतकुलो मर्मत योजना | stone massonery 1;3:6 | १ | ९२६३ | ९६५५ | ३९२ | ६.८३ | २६७७ |
| १०/२९/२०८१ | ४३ | विसौनाखानेपानी मर्मत | stone massonery 1;3:6 | १ | ९२६३ | ९६५५ | ३९२ | ७.०७ | २७७१ |
| १०/२९/२०८१ | ४० | जनप्रिय आवि जाने मो बा | stone massonery 1;3:6 | १ | ९२६३ | ९६५५ | ३९२ | ३.८४ | १५०५ |
| १२/२८/२०८१ | १०४ | बेलौजा खेल मैदानको | stone massonery 1;3:6 | २ | ९२६३ | ९७०३ | ४४० | ६६.५४ | २९२७८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०८/२०८२ | १०८ | संलग्नटिप्पणी कार्यसम्पादन मुल्याङ्कन का आधारमा निक्कीचौर बगन्नास्दी ठाँटी भञ्याङ्गकृषि सडक योजना | stone massonery 1;3:6 | ३ | ९२६३ | ९६५५ | ३९२ | १४.१० | ५५२७ |
| ०१/०८/२०८२ | १११ | र ढाङ्ढुङेज्यामरुक कुलो निर्माण तथा मर्मत योजना | stone massonery 1;3:6 | १ | ९२६३ | ९६५५ | ३९२ | ९.०० | ३५२८ |
| ०१/०९/२०८२ | १२४ | १ नं. वडाखोलाखेत ... खा पा मर्मत | stone massonery 1;3:6 | १ | ९२६३ | ९६५५ | ३९२ | ४.९६ | १९४४ |
| ०१/०९/२०८२ | १२५ | ३ नं. वडाथानकुन पिपलटारी गरुङगा मो बा | stone massonery 1;3:6 | ३ | ९२६३ | ९६५५ | ३९२ | १९.२० | ७५२६ |
| ०१/१५/२०८२ | १३३ | बेलपानीमौलाथर मो.बा. | stone massonery 1;3:6 | ३ | ९२६३ | ९६५५ | ३९२ | १२.६० | ४९३९ |
| ०१/१६/२०८२ | १४१ | पाडेबारी दुम्का पिपल गोरेटो बाटो अधुरो योजना | stone massonery 1;3:6 | १ | ९२६३ | ९६५५ | ३९२ | ८.०० | ३१३६ |
| १०/२१/२०८१ | ३१ | यसमा ४ नं.ध्याङसिङपोखरा विचधाम मो.बा. | PCC 1:1.5:3 | ४ | १०४६६ | १२३४० | १८७४ | ८.२९ | १५५३५ |
| १२/२६/२०८१ | १०२ | टिमुरडाडा पातिहार ओडारकोन मोटरबाटो ( एनानाइसिस अनुसार ) | PCC 1:1.5:3 | २ | १४७२४ | १४८५९ | १३५ | १४.३९ | १९४३ |
| ०३/२५/२०८२ | ३०० | यसमाआधिखोला असेर्दी कुलो मर्मत | PCC 1:1.5:3 | ३ | १०४६६ | १५३६० | ४८९४ | १४.७० | ७१९४२ |
| ०१/०९/२०८२ | १२२ | ५ नं. ठाडोडहर मो बा मर्मत | Pcc1:2:4 | ५ | ९९१३ | ११६८९ | १७७६ | ७.०२ | १२४६८ |
| | | | | | | | | | २३०६४२ |

## बेरूजु दफा ४७.२ सँग सम्बन्धित विवरण - अनुसूची -५

| शिर्षक | मिति | भौन | योजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमन | सम्झौता रकम | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| पालिका पुजीगत | ०८२/०३/२१ | २४६ | वडा कार्यालय शौचालय निर्माण,अमराई नौसिङगा मो.बा, झेस्काङ आर्गीडाडा खानेपानी घेराबार, झेस्काङ स्वस्थ इकाइ शौचालय निर्माण | पुर्वखोला निर्माण सेवा | ५५६२४४ | ५५५०९० | ५११५१९ | ०.२०७ |
| पालिका पुजीगत | ०८२/०३/८ | ११४ | लसुने प्रतिक्षालय निर्माण रम्भा 3, तल्लो घोडसिङ सामुदायिक बहवन अधुरो , कुवादी रिमिघा मो.बा. स्तरोन्नति, बडहरखोला कुवादी मो.बा. स्तरोन्नति,खोक्खोला जबुवा गरुंगा मो.बा. बाटो निर्माण | भानुमाता कन्सट्रक्सन | ८१२१४४ | ८०९७३० | ७६३७४४ | ०.२९७ |
| पालिका पुजीगत | | | वडा न. ३ घोडसिङ खोला लेख मोटर बाटो मर्मत | एस ए कन्सट्रक्सन | ३९९८०० | ३८९५७९ | ३६९७७५ | २.५५७ |
| पालिका पुजीगत | ०८२/०१/८ | १०९ | गावुडाँडा सिदुरादी पोखरडाँडा मो.बा, कोटदेवि मन्दिर ट्रश्ट निर्माण, भिमाद सामुदायिक ट्रष्ट भवन, धोवादी -मार्सिडाडा मो.बा र अधुरो शौचालय निर्माण हुमिन | शाहारा इन्जिनियरिङ कन्सट्रक्सन | ९५४१११ | ९५१९७५ | ९४४३०३ | ०.२२४ |
| पालिका पुजीगत | ०८२/०१/२७ | १९ | गाबुडाडा सिदुरादी पोखरडाडा हुदै मार्सिडाडा मो.बा. लोहरेङ्ग पाडेकोट रक्शा कृषि सडक र रातामाटा बडहरे कृषि सडक | टिटिआर एस कन्ट्रक्सन | ८७८७५० | ८७४१७९ | ७७०१२५ | ०.५२० |
| पालिका पुजीगत | ०८१/०१/२७ | २१० | आर्गिडाडा विचधाम मो.बा. मर्मत., भिमाद मस्यम हुदै मार्सिडाडा मो.बा. मर्मत, हुमिन लिफ्ट खापा तथा गोर्खेकोट पोश्दीखोला मो.बा. हुमिन हेल्थपोष्ट जाने मो.बा., जनहित भगवति मा.वि. जाने मो.बा | आयुस एण्ड सायरा कन्ट्रक्सन | ८६४१०१ | ७६२८३३ | ७६२८३३ | ११.७१९ |
| पालिका पुजीगत | ०८२/१२/०४ | ७१ | भुट्टकराहा धराखोल्सा खिर्चिखोला दशमुरे खा.पा. व्यावस्थापन , रमैडाँडा खा.पा. मर्मत र पिपले अठचालिस सिंचाइ योजना | दुर्सयन्ता हार्डवेयर | ३९९९५० | ३९८५२८ | ३९८५२८ | ०.३५६ |
| पालिका पुजीगत | ०८२/०३/२५ | २९८ | कोषढुंगा फुरुङ्दी मोटर बाटो सडक स्तरोन्नती | निर्मना कन्ट्क्सन | ८७९२९४ | ८७७७१६ | ८७७७१६ | ०.१७९ |
| पालिका पुजीगत | 66552 | २२१ | हुगि र ताहु एक्सरे मेशिन संचालन स्थान मर्मत निर्माण कार्य | उत्तरवाहिनी कन्सट्रक्सन | ८८६७६९ | ८८४५७२ | ८८४५७२ | ०.२४८ |
| पालिका पुजीगत | 66539 | २०१ | सडक मर्मत सम्भार | रायमाझि विल्डर्स एण्ड सप्लायर्स | ७०९०४१ | ७०७५५० | ७०७५५० | ०.२१० |
| पालिका | 66540 | २०३ | बेल्टार विसमुरे बाटो मर्मतको | पोखरेल कन्सट्रक्सन | १४६२१३ | १४५४०२ | १४५४०२ | ०.५५५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पुजीगत | | | | | | | | |
| पालिका पुजीगत | ०३/१२/२०८२ | २१० | सडक मर्मत सम्भार | आयुस एण्ड सायरा कन्ट्रक्सन | ७६४६९१ | ७६२८३२ | ७६२८३२ | ०.२४३ |
| पालिका पुजीगत | ०३/२३/२०८२ | २५९ | सडक मर्मत संभार,लागत साझेदारी कार्यक्रम, झोकेनी किटेनी सडक मर्मत र सानाहुगी मावि भवन निर्माण | घिमिरे कन्सट्रक्सन | ८४५७७१ | ८४३०३२ | ८०१४२३ | ०.३२४ |
| पालिका पुजीगत | ०३/२३/२०८२ | २६३ | २.३. ४ नं.वडको सडक मर्मत र २ नं वडा भवन एवं मंगलादेवी मन्दिर मर्मत | अमृत कन्सट्रक्सन | ९७००५४ | ९६५४२९ | ९६५४२९ | ०.४७७ |
| पालिका पुजीगत | ०३/२३/२०८२ | २६६ | १ नं. कापुनडाडा खोलाखेत र ५ नं. मोटरबाटो सरसफाइ | देउराली कन्सट्रक्सन | १४१६७५ | १४१६७५ | १४१६७५ | ०.००० |
| पालिका पुजीगत | ०८२/०३/२४ | २७८ | खानेपानी पाइप खरिद | आधिखोला निर्माण सेवा | ७९९२७० | ७९६१८१ | ७९६१८१ | ०.३८६ |
| पालिका पुजीगत | ०३/२४/२०८२ | २७९ | तारजाली खरिद | जोर्वा टु वुद्व कन्सट्रक्सन | ९९९९२० | ९९९०९५ | ९९९०९५ | ०.०८३ |
| पालिका पुजीगत | ०३/२५/२०८२ | २८५ | जुकेपानी मो बा योजना | आमा इन्जिनियरीङ्ग कन्स्ट्रक्सन | ९७२१६ | ९७२१६ | ९७२१६ | ०.००० |
| पालिका पुजीगत | ०३/२५/२०८२ | २९१ | प्रशासकिय भवन | प्रशासकिय भवन थप काम | ७३१८६६ | ७२९९४४ | ७२९९४४ | ०.२६३ |
| पालिका पुजीगत | ०३/२५/२०८२ | २९२ | हुमिन लिफ्टङ्ग खानेपानी मर्मत | हुमिन लिफ्टङ्ग खानेपानी मर्मत | ९९०७६ | ९९०७६ | ९९०७६ | ०.००० |
| पालिका पुजीगत | ०३/२५/२०८२ | ३०४ | गावुडाडा ओमभन्ज्याङ सडक मर्मत खर्च भुक्तानी | आमा इन्जिनियरिङ | ९९५९६ | ९९५९६ | ९९५९६ | ०.००० |
| प्रकोप व्यवस्थापन | ०६/३०/२०८१ | ११ | बडा न २र ३ को वाटो सरसफाइ तथा पहिरो व्यवस्थापन | अधिकारी निर्माण सेवा | ९०५९१२ | ९०३८३५ | ९०२१४० | ०.२२९ |
| प्रकोप व्यवस्थापन | ०७/१४/२०८१ | १४ | पहिरो सरसफाइ तथा पुर्न कार्य वडा नं १ | उत्तरवाहिनी कन्सट्रक्सन | ३६२३३३ | ३५१७१८ | ३५१७१८ | २.९३० |
| प्रकोप व्यवस्थापन | ०७/१४/२०८१ | १५ | पहिरो सरसफाइ तथा पुर्न कार्य वडा नं ३ र ४ | सिता कन्सट्रक्सन | ४५४९६७ | ४५३०९० | ४५३०९० | ०.४१३ |
| बिबिध खर्च खाता | ०७/१४/२०८१ | ३ | २ वडको दशैबाटो मर्मत | ब्रम्हा विष्णु महेश्वर कन्सट्रक्सन | ४८८८४७ | ४८५९७३ | ४८५९७० | ०.५८८ |
| बिबिध खर्च खाता | ०८/२६/२०८१ | ४ | ३ र ४ नं वडाको वाटो सरसफाइ | स्पिड विल्डर्स एण्ड कन्सल्टेन्ट प्राली | ६९०१०१ | ६८६७६० | ६८६७६० | ०.४८४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बिबिध खर्च खाता | ०९/१७/२०८१ | ५ | वडा नं ५ सरसफाइ कार्य | श्री कालिका विन्दवासिनी कन्सट्रक्सन एण्ड इन्जिनियरीङ | २९२०१३ | २७९७७० | २७९७७० | ४.१९३ |
| बिबिध खर्च खाता | ०९/१७/२०८१ | ७ | १ वडको दशैबाटो मर्मत | थ्रि एस.एन्ड बि.टु कन्स्ट्रक्शन प्रा.लि. | ३९००२९ | ३७६६२९ | ३७६६२९ | ३.४३६ |
| बिबिध खर्च खाता | ११/०७/२०८१ | ९ | बाटो सरसफाइ वडा न १ | उत्साही निर्माण सेवा | २९३५९७ | २९२२३१ | २९२२३१ | ०.४६५ |
| बिबिध खर्च खाता | ०१/३०/२०८२ | १६ | घोडसिङ लेक बाटो मर्मत वडा न ३ | एस.ए. कन्स्ट्रक्शन एण्ड सप्लायर्स | ३९१२६३ | ३८९५७८ | ३८९०३७ | ०.४३१ |
| | | | | | १७३०४६१४ | १७११०८१५ | १६८४५८७९ | |

## बेरूजु दफा ६८.२ सँग सम्बन्धित विवरण - अनुसूची -६

| वडा नं | योजना | श्रमिक संख्या | कार्य दिन | जम्मा कार्य दिन | कुल खर्च रकम |
|---|---|---|---|---|---|
| १ | लामपाते सिचाई पोखरी निर्माण | ८ | ९३ | ७४४ | ४९६९९२ |
| १ | यालुङ कुलो मर्मत | १ | ६५ | ६५ | ४२९८६ |
| २ | सुरुमडाडा भज्याङ पिपर्दी पैदल मार्ग | ३ | १०० | ३०० | २००४०० |
| २ | लामभाक करङ्च घोडसिडबार पातिहार पैदल मार्ग | ६ | १०० | ६०० | ४००८०० |
| ३ | रिमिघा पर्यटन प्रबदनका लागि रिमिघा सरसफाई | ८ | १०० | ८०० | ५३४४०० |
| ३ | रिमिघा पर्यटन प्रबदन कार्यक्रम अन्तर्गत फलफुल बिक्ष्यारोपन तथा सडक निर्माण | ७ | १०० | ७०० | ४६७६०० |
| ३ | मौलाथर बिलुङ स्यागुडाँडा गोरेटो मो बा | ५ | ८५ | ४२५ | २८३९०० |
| ३ | भोवर घाट जाने मो बा | ३ | ८३ | २४९ | १६६३३२ |
| ३ | झेस्काङ सामुदायिक ईकाइ गोरेटो बाटो निर्माण | २ | ९४ | १८८ | १२५५८४ |
| ४ | लोहरेङ देखि जल्पादेखि मन्दिर जाने बाटो | ४ | १०० | ४०० | २६७२०० |
| ४ | कोटदेखि आखरथोक जल्पादेबि मो बा तथा पाईप ब्यबस्थापन | ५ | १०० | ५०० | ३३४००० |
| ५ | बडहरे खोला देखि देउराली छाप गोरेटो बाटो निर्माण | ४ | ९८ | ३९२ | २६१८५६ |
| ६ | सेर्काबास टेमने गोरेटो बाटो निर्माण | ३ | ९७ | २९१ | १९४३८८ |
| ७ | कोषढुङ्गा फुरुडदि नाली सरसफाइ | ४ | १०० | ४०० | २६७२०० |
| जम्मा | | | | | ३८४३२३८ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई

बेरुजु फस्र्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।